**मजदुर**
*The Worker Daily* दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद बिना कारोबार नगरिदिनुहोला ।
**मजदुर दैनिक**
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

*The Worker Daily* दैनिक
Website : www.onlinemajdoor.com


विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

★ वर्ष : २७ ★ अङ्क : ३०५ ★ ने. सं. ११४६ थिंला थ्व, तृतीया ★ आइतबार ★ ७ मङ्सिर, २०८२ ★ November 23, 2025, Sunday ★ मूल्य रु. ५।- ★ पृष्ठ ८

## "जनताको भावना या अभिमत बुझ्न पनि निर्वाचन आवश्यक छ"




भक्तपुर, ६ मङ्सिर । "जनताको भावना या अभिमत बुझ्न पनि निर्वाचन आवश्यक छ र निर्वाचनमा भाग लिनुपर्छ । पहिले धेरै सरकार बने । कसैले पनि राम्रो काम गरेनन् । संसद् पुन:स्थापना भएर उही सरकार बन्यो भने काम हुन्छ भन्ने विश्वास कसरी गर्ने ?"

उक्त विचार नेपाल मजदुर किसान पार्टीका अध्यक्ष एवं वरिष्ठ राजनीतिज्ञ नारायणमान बिजुक्छेँ (रोहित) ले नेपालभाषा साहित्य त:मुंज्याद्वारा शनिबार आयोजित पुरस्कार वितरण तथा मायाको चिनो वितरण कार्यक्रममा व्यक्त गर्नुभएको हो ।

राजनीतिक कार्यकर्ताहरू विभिन्न जिल्लामा गएर विभिन्न जनजातिका जनतामाझ पुगेर जनताको सेवा गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले पैसा बाँडेर, लोभलालच देखाएर होइन दलको सिद्धान्त र विचार जनतामाझ पुऱ्याएर जनतासँग भोट लिनुपर्ने बताउनुभयो ।

पैसा बाँडेर जितेका सांसद या जनप्रतिनिधिहरूले जनताको भावनाअनुसार सेवा नगरी निर्वाचनमा भएको खर्च उठाउन अनेक भ्रष्टाचार र अनियमितता गर्ने औँल्याउँदै उहाँले भन्नुभयो, "राजनीति एक क्षण, एक समयको निम्ति होइन लामो समयसम्म गरिरहनुपर्छ । महिलालाई राजनीतिकरूपमा प्रशिक्षित गर्न सके सन्तानहरू पनि प्रशिक्षित हुनेछन् ।"

देशमै अध्ययन गर्ने वातावरण र रोजगारीको बन्दोबस्त गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले विदेशमा पढ्न गए पनि आफ्नो ज्ञान, अनुभव र सीप स्वदेशमै खर्चिनुपर्छ भन्नुभयो ।

नेमकिपाका सचिव प्रेम सुवालले सरकारमा पुगेकाहरू को को लेण्डुप दोर्जे हुन् भनी नेमकिपाले प्रश्न उठाउँदै आएको बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेपाली युवालाई भाडाको सिपाही बनाउने सन् १९४७ को गोर्खा भर्ती र नेपाललाई भारतको सुरक्षा छातामा राख्ने सन् १९५० को सन्धि खारेजीको विषय पनि नेमकिपाले उठाउँदै आएको हो । अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता नेपालको हितविपरीत भएको विषय पनि नेमकिपाले उठाउँदै छ ।"

"सरकारमा गएका दलहरूको आर्थिक विषय सार्वजनिक संस्थान निजीकरणको नाममा विदेशीलाई बिक्री गर्दै छ । सरकारहरूले ३०-३५ वर्षयता ११ वटा बढी सार्वजनिक संस्थान निजीकरणको नाममा बिक्री गरे । वर्तमान सरकारले पनि ११ ओटा सार्वजनिक संस्थान निजीकरण गर्ने बतायो । सरकारमा गएका दलहरूको विदेश मामिला विदेशी पुँजी ल्याउने र देशलाई नवउपनिवेश बनाउने भयो", उहाँले थप्नुभयो ।

पार्टी अध्यक्ष बिजुक्छेँको नेतृत्वमा २०१९-२० सालयता नेमकिपाले भ्रष्टाचारविरोधी आन्दोलन अघि बढाएको सचिव सुवालले बताउनुभयो ।

उहाँले भन्नुभयो, "२००७ सालको

***बाँकी पृष्ठ ८ मा***

## "शिक्षा क्षेत्रको विकास सँगसँगै नगरलाई स्वास्थ्यको हब पनि बनाउने प्रयत्न भइरहेको छ"




भक्तपुर, ६ मङ्सिर । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग काठमाडौँको सानो भर्याङस्थित लिटल क्लाइम्बर्स इ. स्कूलका विद्यार्थीहरूले शुक्रबार भक्तपुर अवलोकन भ्रमणका क्रममा भेट गरे ।

भ्रमणको क्रममा विद्यार्थीहरूले भक्तपुरको ऐतिहासिक र सांस्कृतिक सम्पदाहरूको अवलोकन भ्रमणका साथै भक्तपुरको स्थानीय शासन, निर्णय प्रक्रिया, सेवा प्रवाह, नगर योजना, नागरिक सहभागिता र भावी योजना आदिबारे जानकारी प्राप्त गरे ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले शिक्षा क्षेत्रमा गरिरहेको नवीनत्तम प्रयासबारे जानकारी दिँदै नगरको स्वास्थ्य क्षेत्र र सम्पदा पुन:निर्माणमा भइरहेका विविध विषयमाथि प्रकाश पार्नुभयो । उहाँले भक्तपुरलाई संसारकै घुम्नलायक सहरको रूपमा विकास गर्न विभिन्न पर्यटनमैत्री गतिविधिहरूमा जोड दिँदै आएको बताउँदै शिक्षा क्षेत्रको विकास सँगसँगै नगरलाई स्वास्थ्यको हब पनि बनाउने प्रयत्न भइरहेको बताउनुभयो ।

कार्यक्रममा भक्तपुर नपाका

***बाँकी पृष्ठ २ मा***

### व्यङ्ग्यचित्र कुनो




## "जनतालाई धोका दिनेहरूले एकदिन जनतासँग माफी माग्नुपर्ने छ"




दैलेख, मङ्सिर ६ । नेपाल मजदुर किसान पार्टी चामुण्डा बिन्द्रासैनीको तेस्रो नगर सम्मेलन चानपा-६, जम्बुकाँधमा शनिबार सुरु भएको छ । नगरपालिकाको केन्द्र जम्बुकाँध बजारमा आयोजित एक समारोहबिच नेमकिपाका केन्द्रीय सचिवालय सदस्य नन्दबहादुर शाहीले सम्मेलनको उद्घाटन गर्नुभएको हो ।

सांस्कृतिक झाँकी तथा नारासहितको जुलुस प्रदर्शनपछि आयोजित सभामा सम्बोधन गर्दै केन्द्रीय सदस्य नन्दबहादुर शाहीले जनतालाई धोका दिनेहरूले एकदिन जनतासँग माफी माग्नु पर्ने बताउनुभयो । उहाँले कर्णालीका धेरै गाउँ मन्त्रीले भरिएका छन् तर मन्त्रीले भरिँदैमा विकास हुने होइन भन्दै हामी लोभ-लालच, जात र क्षेत्रको पक्षमा लाग्नु गलत छ भन्नुभयो ।

केन्द्रीय सदस्य शाहीले भन्नुभयो, "देश जलिरहँदा शासक दल र तिनका कार्यकर्ता मूकदर्शक भएर बस्नु सत्तालिप्सा, अराजक र सिद्धान्तहीन राजनीतिको उपज हो । शासक दलका कार्यालय र नेताका घरहरू जल्दा कार्यकर्ताहरू कहाँ कुन दुलोमा लुकेका थिए ?"

नेमकिपा केन्द्रीय सदस्य एवम् कर्णाली प्रदेश संयोजक सरोजराज गोसाईले नेपालको सन्दर्भमा भारतीय विस्तारवाद तथा एकाधिकार पुँजी नै मख्य शत्रु भन्ने कुरा पुष्टि भएको धारणा राख्नुभयो । उहाँले नेपाललाई अस्थिर बनाएर धमिलो पानीमा माछा मार्ने विस्तारवादी तथा साम्राज्यवादी शक्तिकै कारण नेपाल अगाडि बढ्न नसकेको भन्दै नेमकिपाले विजय पाएका पालिकाहरुमा इमानदारीसाथ काम गरिरहेको विचार राख्नुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य जग्यबहादुर शाहीले अवसरवादी चरित्रले देश विकास हुन नसकेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य बखत थापाले देश जोगाउन देशभक्तिको भावना

***बाँकी पृष्ठ २ मा***

**रक्तदान जीवनदान ।**

❖ रगतको अभावले बर्षेनि हजारौं मानिसको ज्यान जान सक्छ,
❖ रगत बनाउन वा किन्न मिल्ने वस्तु होईन,
❖ रगत स्वस्थ मानिसबाट दान स्वरुप प्राप्त हुने वस्तु हो,
रक्तदाताले:
❖ रक्तदान गर्नु अघि हल्का खाना र प्रशस्त पानी पिउनु पर्छ,
❖ अत्याधिक थकान, ज्वरो, र कुनै प्रकारको संक्रमण भए रक्तदान गर्नु हुदैन,
❖ ३-४ महिनामा एक पटक रक्तदान गर्न सकिन्छ,
❖ रक्तदानपश्चात् केही समय विश्राम गर्नु र पौष्टिक खाना खानु पर्छ,
❖ रक्तदान गर्नुअघि र पछि चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिनुपर्छ,
❖ मासिक धर्म, गर्भावस्था वा सुत्केरी महिलाले रक्तदान गर्नु हुँदैन,
❖ १८ देखि ६० वर्षका स्वस्थ व्यक्तिले मात्र रक्तदान गर्नुपर्छ,
❖ रक्तदानले स्वास्थ्यमा कुनै असर पार्दैन, बरु यसले नयाँ रक्तकोष निर्माणमा सहयोग गर्छ।
रगतबाट मानिसको ज्यान जोगाउन सकिने हुँदा रक्तदान महादान हो ।
नेपाल सरकार
विज्ञापन बोर्ड



**सिन्धुलीको जुनार :** सिन्धुलीको गोलञ्जोर गाउँपालिका-४ माझकुभिण्डेका किसान बगैँचामा रहेको जुनार टिपेर बिक्रीका लागि बजार पठाउने तयारी गर्दै । सिन्धुली जुनारखेतीका लागि प्रख्यात छ । *तस्बिर : राधिका बुढाथोकी / रासस*

# सुगर, प्रेसर र खानपिन विषयक प्रवचन कार्यक्रम

भक्तपुर, ६ मङ्सिर । भनपा वडा नं. ७ वडा कार्यालयको आयोजनामा सुगर, प्रेसर र खानपिन विषयक प्रवचन कार्यक्रम सम्पन्न भयो ।

कार्यक्रममा भनपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले अस्वस्थ खानाले सुगर, प्रेसरलगायत अन्य रोग लाग्ने खतरा भएकोले सन्तुलित र स्वस्थवर्द्धक खानपिनमा ध्यान दिनु जरूरी छ भन्नुभयो ।

भनपाले शिक्षा, स्वास्थ्य, सम्पदा संरक्षणमा विशेष जोड दिइरहेको उल्लेख गर्दै उहाँले ख्वप अस्पताललगायत वडा वडामा घरदैलो नर्सिङमार्फत नगरवासीलाई स्वास्थ्य सेवा उपलब्ध गराइरहेको बताउनुभयो ।

नेपाल मजदुर किसान पार्टीको निर्वाचन घोषणापत्रअनुसार भक्तपुर नगरपालिकाका जनप्रतिनिधिहरूले इमानदारीपूर्वक काम गरिरहेका छन्, उहाँले भन्नुभयो ।

पोषणविद् सोनिका ख्याजुले खानपिनले सिधै स्वास्थ्यलाई असर पार्ने भएकोले सफा र ताजा खानेकुरा खानुपर्नेमा जोड दिनुभयो ।

तेल, नुन, चिनी धेरै भएको खाद्य पदार्थ शरीरको लागि हानिकारक हुन्छ । यस्ता खानेकुराले शरीरमा बोसो बढ्नुका साथै मधुमेहको रोग लाग्ने खतरा हुन्छ । फास्टफुड र जङ्क फुडभन्दा फलफूल, सागसब्जी र दुग्धजन्य पदार्थ खानु राम्रो हुन्छ । पानी प्रशस्त पिउनाले शरीरको लागि आवश्यक मिनरल, फाइबर भिटामिन प्राप्त हुन्छ, नियमित व्यायाम गर्नाले शरिर स्वस्थ हुन्छ, उहाँले भन्नुभयो ।

कार्यक्रममा वडा नर्स रञ्जना सुवाल र आसिका कोजू तथा वडा सचिव नन्दकृष्ण श्रेष्ठले पनि बोल्नुभएको थियो ।

# चौतारी साकोसको १८ औँ वार्षिक साधारणसभा

भक्तपुर, ६ मङ्सिर । सूर्यविनायक नगरपालिका वडा नं. ५ घलाँटेमा रहेको चौतारी बचत तथा ऋण सहकारी संस्थाको १८ औँ वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।

संस्थाका ज्येष्ठ सदस्य ९३ वर्षका जितबहादुर पञ्चले उद्घाटन गर्नुभएको सो साधारणसभामा संस्थाका सल्लाहकार रतनकाजी गाँसीले समुदायका सदस्यहरूको आर्थिक विकासमा सहकारी संस्थाको भूमिका उल्लेख्य रहेको औँल्याउनुभयो ।

अध्यक्ष पुष्पदास श्रेष्ठले सभापतिको आसनबाट सहकारीको नीति, विधि र प्रविधिलाई अपनाएर सदस्यहरूलाई निरन्तर सेवा दिइरहेको बताउनुभयो । आर्थिक मन्दीमा पनि संस्थाले ८ प्रतिशत शेयर लाभांस दिएको उहाँले जानकारी दिनुभयो ।

संस्थाका उपाध्यक्ष पाण्डव सुवालले सरकारमा विभिन्न निकायहरूबाट दिइने फरक फरक निर्देशनहरूले समुदायमा आधारित सहकारी संस्था सञ्चालनमा अन्योल पारेको बताउँदै सहकारीका बचतकर्ताको बचत सुनिश्चित गर्ने दायित्व सञ्चालक समितिको भएकोले आफ्नो बचत सुनिश्चित हुने समुदायमा आधारित संस्थामा मात्र बचत गर्नुपर्ने बताउनुभयो ।

संस्थाका सचिव रामशरण त्वाती, कोषाध्यक्ष गंगाबहादुर फाँजू, लेखा सुपरिवेक्षण समितिका संयोजक काशिराम प्रजापति, ऋण उपसमितिका संयोजक पुरुषोतम डाखुसीले प्रस्तुत गर्नुभएको प्रतिवेदन सभाले पारित गरेको छ ।

संस्थाका ज्येष्ठ सदस्यहरू जितबहादुर पञ्च र रामकुमार कर्माचार्यलाई अध्यक्ष पुष्पदास श्रेष्ठले दोसल्ला ओढाइ सम्मान गर्नुभएको थियो ।

# पछिमा बाजा तालिमको समापन कार्यक्रम

भक्तपुर, ६ मङ्सिर । सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि. को युवा उपसमितिको आयोजना तथा उपाध्यक्ष एवं संयोजक विष्णुराम दुमरुको सभापतित्वमा ६ महिने पछिमा बाजा तालिमको समापन कार्यक्रम सिद्धि गणेश तालिम हल, खँचामा सम्पन्न भयो ।

कार्यक्रममा संस्थाका अध्यक्ष रुद्रनारायण लाखाले संस्था आर्थिक कारोबारमा मात्र सीमित नरही कला, संस्कृति एवं परम्परागत बाजा संरक्षण गर्ने उद्देश्यका साथ पछिमा बाजा, मादल, बाँसुरीजस्ता परम्परागत बाजाहरूको तालिम सञ्चालन गर्दै आएको बताउनुभयो ।



उहाँले बढ्दो उमेरसँगै समय व्यवस्थापन गर्न कठिन हुने भएकोले युवा अवस्थामै विभिन्न तालिमहरूमा सहभागी हुनुपर्ने विचार व्यक्त गर्नुभयो । उहाँले तालिमबाट सिकेका सीपको निरन्तर अभ्यास गरी प्रशिक्षणसमेत दिन योग्य बन्नुपर्ने उल्लेख गर्नुभयो । अध्यक्ष लाखाले तालिममा सहभागी प्रशिक्षार्थीहरूलाई प्रमाणपत्र एवं तालिममा बाँसुरी बजाई सहयोग गर्ने पासा पुच:का सदस्यहरूलाई कदरपत्र वितरण गर्नुभएको थियो ।

संयोजक दुमरुले संस्थाले आर्थिक कारोबारमा मात्र सीमित नरही सामाजिक क्षेत्रमा पनि कार्य गर्दै आएको उल्लेख गर्नुभयो ।

उपाध्यक्ष दुमरुले तालिमका प्रशिक्षकहरू शंखबहादुर दुमरु र रत्नभक्त दुमरुलाई कदरपत्र प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा उपसमितिका सचिव जसतारा कोजु, व्यवस्थापक शिला गोसाई र प्रशिक्षार्थी कविन दुवालले पनि बोल्नुभएको थियो ।

***'जनतालाई...***

आवश्यक भएको बताउनुभयो । पुँजीवादले आफ्नो चिहान खन्ने र पुँजीवादका दलालहरू खाल्डोमा पर्ने थापाले बताउनुभयो ।

वैकल्पिक केन्द्रीय सदस्य प्रकाश गुरुङले नयाँ व्यक्तिले नेतृत्व गर्नु ठुलो कुरा होइन, उसले अँगाल्ने विचार देश र कामदार जनताको पक्षमा छ कि छैन भन्ने कुरा महत्त्वपूर्ण हुन्छ भन्नुभयो ।

नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य तुल्सी खड्काले राजनीति भनेको देश र जनताको नि:स्वार्थरूपमा सेवा गर्नु हो भन्नुभयो । नेमकिपाका वैकल्पिक केन्द्रीय सदस्य विनोद विकले सर्वहारा जनता र देशको हितमा प्रगतिशील गीत प्रस्तुत गर्नुभयो ।

नेमकिपा दैलेखका संयोजक जगत ओलीले पुँजीवादी शासक दलका कारण जनताले दु:ख पाएको बताउनुभयो ।

उद्घाटन समारोहमा धनकुमारी शाही, जयबहादुर बडुवाल, कृष्ण ढकाल, लवराज ढकाल, केशव खड्का (गणेश) ले पनि बोल्नुभएको थियो । समारोहपश्चात् देउडा गायक जयबहादुर थापा र गायिका सपना रावलले देउडा गीत र नाच प्रस्तुत गर्नुभएको थियो ।

# जनशक्ति अभावमा भोजपुर अस्पतालको सेवा प्रभावित

टक्सार (भोजपुर), ६ मङ्सिर । जनशक्ति अभाव हुँदा भोजपुर अस्पतालका उपकरणहरू जनशक्ति अभावले प्रयोगमा आउन नसकेको जनाइएको छ । सदरमुकाममा रहेको एक मात्र सरकारी भोजपुर अस्पतालमा सङ्घीय सरकारको करिब रु दुई करोडको लागतमा सघन उपचार कक्ष (आइसियू) तयार भएको छ ।

आइसियू तयार भए पनि आवश्यक जनशक्ति अभावमा सञ्चालन गर्न नसकिएको अस्पतालका प्रमुख डा. पवित्रा श्रेष्ठले बताउनुभयो । डा. श्रेष्ठले भन्नुभयो, “पाँच वर्ष अगाडि नै आइसियू तयार भए पनि जनशक्ति अभावमा सञ्चालन गर्न सकिएको छैन, करारमा पनि कर्मचारी राख्न सकिएको छैन ।”

जिल्ला अस्पतालमा भौतिक रुपमा सुविधासम्पन्न हुँदै गए पनि आवश्यक जनशक्ति अभावका कारण समय र पैसा खर्च गरेर धरान, विराटनगर, काठमाडौँजस्ता सुविधासम्पन्न अस्पताल जानुपर्ने बाध्यता अझै हटन सकेको छैन । रासस

***"शिक्षा...***

प्रशासकीय अधिकृत दामोदर सुवालले नगरपालिकाका असल अभ्यासहरूमाथि प्रकाश पार्दै भक्तपुर नगरपालिकाले अन्य स्थानीय तहले भन्दा पृथक ढङ्गले काम गर्दै आएको बताउनुभयो ।

सोही क्रममा प्रमुख प्रजापतिले लिटल क्लाइम्बर्स इ. स्कूलका शिक्षिकालाई नपाका प्रकाशनहरू उपहार स्वरुप प्रदान गर्नुभयो ।

**श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-६, भक्तपुर, फोन नं.०१-६६१५१९९

**कर्जा चुक्ता गर्ने सम्बन्धी २१ दिने सार्वजनिक सूचना**

तपसिलमा उल्लेखित विवरण भएका यस संस्थाका शेयर सदस्यहरूले लिएको कर्जा भाखा नाघिसकेको पटकपटक जानकारी गर्दासमेत कार्यालयमा उपस्थित हुनु नभएकोले संस्थाले पटकपटक लिखित तथा फोन गर्दासमेत बेवास्ता गरी बस्नुभएकोले संस्थाको कार्यालयमा उपस्थित भई आफूले लिएको कर्जा रकम, ब्याज हर्जना बुझाउन ल्याउनुहुन तपसिल ऋणीहरूको नाउँमा यो २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| क्र.सं. | ऋणीको विवरण | ऋणीको फोटो | ऋणीको विवरण | ऋणीको फोटो |
|---|---|---|---|---|
| १. | **नाम** : ईश्वरी लामा<br>**ना.प्र.नं.** १४२००९<br>**बुबाको नाम** : भोजकुमार लामा<br>**पातीको नाम** : दिनेश लामा<br>ससूराको नाम : दान नुर्बु लामा<br>**ठेगाना** : भ.पु.जि वडा नं. १० |  | २.**नाम** : सुष्मीता कार्की<br>**ना.प्र.नं.** : २१-०१-७०-४१४९३<br>**बुबा** : उत्तमबहादुर कार्की<br>**बाजे** : दलबहादुर कार्की<br>**ठेगाना** : रामेछाप जिल्ला, तिलपुङ्ग गाविस वडा नं. २<br>हाल भक्तपुर जिल्ला चानपा वडा नं. ५ |  |
| **क्र.सं.** | **ऋणीको विवरण** | **ऋणीको फोटो** | **जमानीको विवरण** | **जमानीको फोटो** |
| ३. | **नाम** : दीपेन्द्रराज श्रेष्ठ<br>**बाबुको नाम** : कृष्णलाल श्रेष्ड<br>**बाजेको नाम** : शंकरलाल श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, न.पा. वडा नं.८, सिनेमा रोड |  | **नाम** : उजरी लता सिंह<br>**ना.प्र.नं.** : ७५३४<br>**बुबा** : मङ्गलकृष्ण सिंह<br>**पति** : दीपेन्द्रराज श्रेष्ठ<br>**ठेगाना** : काभ्रे जिल्ला, बनेपा, नपा वडा नं.८, सिनेमा रोड |  |

**श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.**
सूर्यविनायक-६, भक्तपुर, फोन नं.०१-६६१५१९९

**कर्जा चुक्ता गर्ने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

तपसिलमा उल्लेखित विवरण भएका यस संस्थाका शेयर सदस्यहरूले लिएको कर्जा भाखा नाघिसकेको पटकपटक जानकारी गर्दासमेत कार्यालयमा उपस्थित हुनु नभएकोले संस्थाले पटकपटक लिखित तथा फोन गर्दासमेत बेवास्ता गरी बस्नुभएकोले संस्थाको कार्यालयमा उपस्थित भई आफूले लिएको कर्जा रकम, ब्याज हर्जना बुझाउन ल्याउनुहुन तपसिल ऋणीहरूको नाउँमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

| ऋणीको नाम | ऋणीको फोटो |
|---|---|
| १. **नाम** : फूलकुमार तामाङ<br>**ना.प्र.नं.** : ३०/०१/०६७/८१३९<br>**बुबाको नाम** : दिनेशबहादुर तामाङ<br>**बाजेको नाम** : कृष्णबहादुर तामाङ<br>**ठेगाना** : काभ्रेपलाञ्चोक जिल्ला, गा.वि.स. बोल्देफेदिचे, वडा नं. -९ |  |
| २. **नाम** : दीपेश थापा<br>**ना.प्र.नं.** : २४१००५/२६०<br>**बुबा** : रामसुन्दर थापा<br>**ठेगाना** : सिन्धुपाल्चोक जिल्ला, थुम्थाङ गा.वि.स. वडा नं. ७ |  |

## सङ्क्षिप्त समाचार

## नेपालगञ्ज म्याराथनको उपाधि खड्का र न्यौपानेलाई

नेपालगञ्ज, ६ मङ्सिर । नेपालगञ्जमा शनिबार सम्पन्न ११ औँ नेपालगञ्ज म्याराथनको उपाधि नेपाली सेनाका खड्कबहादुर खड्काले जितेका छन् । खड्काले २ घण्टा १५ मिनेट ८ सेकेण्डमा ४२ किलोमिटरको दूरी पार गरेका थिए । उनी गत संस्करणका पनि विजेता हुन् । उनले रु दुई लाख नगद पुरस्कार प्राप्त गरे । त्यस्तै, दुई घण्टा १६ मिनेट ४८ सेकेण्डमा ४२ किलोमिटरको दूरी पार गर्दै नेपाल सेनाका सुशीलकुमार शाही दोस्रो तथा दुई घण्टा १९ मिनेट १८ सेकेण्डमा उक्त दूरी पार गर्दै सशस्त्र प्रहरीका गोपीचन्द्र पार्की तेस्रो भए । दोस्रो भएका शाही र तेस्रो भएका पार्कीले क्रमशः रु. एक लाख र ५० हजार पुरस्कार प्राप्त गरे ।

हाफ म्याराथन महिलातर्फको उपाधि जुम्लाकी पूर्णलक्ष्मी न्यौपानेले जितिन् । उनी पाँचौं संस्करणकी विजेता पनि हुन् । उनले उपाधिसँगै रु. ७५ हजार पुरस्कार हात पारिन् । यस्तै हाफ म्याराथनमा सशस्त्र प्रहरीकी फूलमती राना दोस्रो हुँदा तेस्रो आश्मा विश्वकर्मा भइन् । रासस

## राष्ट्र बैङ्कले तीन अर्ब ७६ करोड लगानी गर्ने

काठमाडौँ, ६ मङ्सिर । नेपाल राष्ट्र बैङ्कले उपदान तथा पेन्सन कोषमा रहेको रु. तीन अर्ब ७६ करोड बराबरको रकम बैङ्क तथा वित्तीय संस्थामा लगानी गर्ने भएको छ । केन्द्रीय बैङ्कले एक सूचनामार्फत आफूले लिन चाहेको रकम र सो रकम लिनका लागि प्रस्ताव गरिएको व्याजदरसमेत उल्लेख गरी यही मङ्सिर ८ साँझ ७:०० बजेभित्र आवेदन दिन आग्रह गरेको छ ।

सूचनाअनुसार सो रकम एक वर्षका लागि लगानी गर्न लागिएको हो । सूचनाअनुसार 'क' वर्गको वाणिज्य बैङ्कमा रु. तीन अर्ब ८० लाख, 'ख' वर्गका विकास बैङ्कमा रु. ५६ करोड ४० लाख र 'ग' वर्गका वित्त कम्पनीमा रु. १८ करोड ८० लाख बराबर लगानी हुनेछ ।

बैङ्क तथा वित्तीय संस्था सञ्चालनमा आएको कम्तीमा दुई वर्ष पूरा भएको, केन्द्रीय बैङ्कबाट तोकिएको न्यूनतम कूल पुँजीकोष कायम गरेको र निष्क्रिय कर्जा कूल कर्जा सापटीको आठ प्रतिशत र खुद निष्क्रिय कर्जा अनुपात तीन प्रतिशत ननाघेको हुनुपर्नेलगायतका शर्त पूरा गरेको हुनुपर्ने छ । रासस

## कान्तिलोकपथ सडक अवरुद्ध

बागमती, ६ मङ्सिर । सडकमै ट्रक पल्टिएपछि हेटौँडा-काठमाडौँ जोड्ने कान्तिलोकपथ सडक शनिबार बिहानदेखि पूर्ण रूपमा अवरुद्ध भएको छ । वीरगञ्जबाट काठमाडौँतर्फ औषधि लोड लिई जाँदै गरेको ना३ख ३१९२ नम्बरको ट्रक मकवानपुरको भीमफेदी गाउँपालिका-८ बगुवास्थित सडकमा ब्रेकफेल भई अनियन्त्रित भएर पल्टिँदा सो सडक पूर्ण रूपमा अवरुद्ध भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो ।

सडक अवरुद्ध हुँदा हेटौँडाबाट काठमाडौँ गुडेको र काठमाडौँबाट हेटौँडा आउँदै गरेका सवारीसाधन बाटोमै रोकिएका छन् । दुर्घटनास्थलबाट ट्रक हटाएर बाटो सुचारु गराउने पहल भइरहेको उहाँले बताउनुभयो । रासस



**मितेरी पुल पुनर्निर्माण गरिँदै**
नेपाल र चीनबिचको सीमा नाका रसुवागढीस्थित मितेरी पुल पुनर्निर्माण गरिँदै । गत असार २४ गते ल्हेन्दे खोलामा आएको बाढीले मितेरी पुल बगाएपछि चीन सरकारको सहयोगमा पहिलो चरणमा बेलीब्रिज निर्माण कार्य भइरहेको छ । तस्बिर : ज्ञानेन्द्र न्यौपाने / रासस

# तीन महिनाभित्र कमला पुल सम्पन्न गर्ने निर्माण कम्पनीको प्रतिबद्धता

सिरहा, ६ मङ्सिर । भौतिक पूर्वाधार तथा यातायातमन्त्री कुलमान घिसिङको स्थलगत निरीक्षण र निर्देशनपछि धनुषा र सिरहा जोड्ने कमला नदीको अधुरो पुल तीन महिनाभित्रै सम्पन्न गर्ने प्रतिबद्धता निर्माण कम्पनीले जनाएको छ ।

तराई/मधेसको लाइफ लाइन मानिने हुलाकी राजमार्गअन्तर्गतको यो पुल २०६८ सालमा तीन वर्षभित्र सक्नेगरी सम्झौता भएको भए पनि १४ वर्ष बितिसक्दा पनि अपूरै रहेको थियो । मन्त्री घिसिङले शुक्रबार पुल निर्माणस्थलको निरीक्षण गर्दै स्थानीयले वर्षौंदेखि भोग्दै आएको जोखिम, सास्ती र असुरक्षालाई नजिकबाट अनुभूत गर्नुभएको थियो । उहाँले स्वयं डुङ्गा चढेर नदी पार गर्दै स्थानीयको दैनिक कष्टलाई प्रत्यक्ष अनुभव गर्नुभएको थियो ।

निरीक्षणपछि मन्त्री घिसिङले शुक्रबार सामाजिक सञ्जालमा लेख्दै आफ्नो मन भारी भएको उल्लेख गर्नुभएको थियो । "विसं २०६८को जेठमा तीन वर्षमै बन्ने गरी ठेक्का सम्झौतासहित सुरु गरिएको यो पुल आजसम्म अधुरो छ र यसको सबैभन्दा धेरै मार स्थानीय बासिन्दाले बेर्होनु परिरहेको छ", उहाँले अगाडि लेख्नुभएको छ, "अनुगमनका क्रममा स्थानीय बासिन्दाले भोग्दै आएको दैनिक सास्ती, जोखिम र आक्रोश प्रत्यक्ष देख्दा मन भारी भयो । स्थानीयका वर्षौंदेखिका कष्ट कति चुनौतीपूर्ण छन् भन्ने गहिरो अनुभूति गरायो ।"

उहाँले स्थानीयको तत्काल आवतजावत सहज बनाउन अस्थायी विकल्पबारे पनि विस्तृत छलफल भएको र आवश्यक प्रक्रिया अघि बढाइने जानकारी दिनुभयो । साथै, प्राविधिक पक्षमा उठेका प्रश्नबारे सम्बद्ध निकायहरू जिम्मेवार हुने र मन्त्रीस्तरीय अनुगमन निरन्तर चलिरहने स्पष्ट पार्नुभएको छ ।

पुल निर्माणको जिम्मेवारी लिएको निर्माण कम्पनी लुम्बिनी बिल्डर्सका सञ्चालक विष्णुप्रसाद शर्माले मन्त्रीसमक्ष तीन महिनाभित्र पुलको काम सकेर सञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । स्थलगत निरीक्षणको क्रममा उहाँले भन्नुभयो, "हामी मन्त्रीज्यूसमक्ष तीन महिनाभित्र पुल सकेर सञ्चालनमा ल्याउने प्रतिवद्धता व्यक्त गर्दछौँ ।"

विसं २०६८ मा तीन वर्षभित्र पुल निर्माण गरिसक्ने सम्झौता भएको थियो । तर, पटक-पटक म्याद थपेर १३ वर्ष बितिसक्दा पनि पुल निर्माणको काम अधुरै छ । पप्पु कन्ट्रक्सनले तीन वर्षमा निर्माण गर्नुपर्ने पुल अलपत्र पारेसँगै पप्पु कालोसूचीमा परेपछि बाँकी काम लुम्बिनी बिल्डर्सले गर्दै आएको थियो ।

विसं २०७८ असार १७ को बाढीका कारण पुलका दुई जग भासिँदा क्षति भएको थियो । कूल ४६९ मिटर लम्बाइको यो पुलको ८३ प्रतिशत भौतिक प्रगति र ८२ प्रतिशत वित्तीय प्रगति भएको छ । पुल निर्माणका सम्झौता हाल नवौँ म्याद थपको प्रक्रियामा छ ।

कमला नदीको यो पुल मधेस प्रदेशको यातायात सुगमता, सुरक्षा र आर्थिक विकासका लागि अत्यन्त महत्वपूर्ण मानिन्छ । मन्त्रालयले अब नियमित अनुगमन, सहजीकरण र आवश्यक सहयोग गर्दै कामलाई समयमै सम्पन्न गराउने प्रतिबद्धता जनाएको छ । रासस

# व्यावसायिक पशुपालनप्रति गुल्मीका किसानको बढ्दो आकर्षण

गुल्मी, ६ मङ्सिर । व्यावसायिक पशुपालनबाट राम्रो आम्दानी हुन थालेपछि यहाँका किसान पुनःपशुपालनमा आकर्षित हुन थालेका छन् ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र गुल्मीका प्रमुख हुमकान्त पाण्डेयका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा किसानले पशुजन्य उत्पादनबाट रु. चार अर्बभन्दा बढी कारोबार गरेको जानकारी दिनुभयो ।

केन्द्रका अनुसार गत आवमा रु. चार अर्ब ५९ करोड २९ लाखभन्दा बढी मासु, दूध र अण्डा उत्पादन भएको छ । जसमा रु. एक अर्ब ८४ करोड ३८ लाखको दूध मात्रै उत्पादन भएको छ ।

केन्द्रका अनुसार गत आवमा गाईको दूध छ हजार ३८१ मेट्रिकटन र भैँसीको दूध १६ हजार ४३७ मेट्रिकटन उत्पादन भएको थियो । जिल्लामा आर्थिक वर्ष २०८०/८१ को तुलनामा आर्थिक वर्ष २०८१/८२ मा २ दशमलव ५१ प्रतिशतले दूधको उत्पादनमा वृद्धि भएको केन्द्रको भनाइ छ ।

हाल जिल्लाबाट दैनिक एक हजार ५०० लिटर दूध अन्य जिल्लामा जाने गरेको छ । जिल्लाका सत्यवती र रुरुक्षेत्र गाउँपालिकामा तुलनात्मक रुपमा बढी दूध उत्पादन हुने गरेको छ । यहाँ उत्पादन हुने दूध रुपन्देही र पोखरा पठाउने गरिएको छ ।

गुल्मीमा गत आवमा रु. दुई अर्ब ५८ लाख २३ हजार बराबरको मासु उत्पादन भएको छ । गत आर्थिक वर्षमा जिल्लाबाट १५ हजार खसीबोका, एक हजार ९०० राँगाभैँसी र पाँच लाख ४७ हजार ५०० लिटर दूध जिल्ला बाहिर निर्यात भएको कार्यालयले जनाएको छ । रासस


## हार्दिक श्रद्धाञ्जली



जन्म
२०३२/१०/२

स्वर्गारोहण
२०८२/८/१

**स्व. पन्चुमाया लामा**

नेपाल मजदुर किसान पार्टीको जनवर्गीय सङ्गठन नेपाल क्रान्तिकारी महिला सङ्घ, ककनी, गाउँपालिका-२ नं. वडा समिति सदस्य **पन्चुमाया लामा**को असामयिक निधन भएको आज सातौँ दिनको पुण्यतिथिमा दिवङ्गत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकाकुल परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौँ ।

**नेपाल मजदुर किसान पार्टी**
**नुवाकोट जिल्ला समिति**



## श्री स्वप्नशील बचत तथा ऋण सहकारी संस्था लि.

सूर्यविनायक-६, भक्तपुर, फोन नं. ६६१५१९९

### ऋणी सदस्यहरूलाई धितो लिलामसम्बन्धी ३५ दिने जरूरी सूचना

यस संस्थाबाट तपसिलमा उल्लेखित ऋणीले विभिन्न प्रयोजनको लागि उपयोग गर्नुभएको कर्जा तिर्ने बुझाउने सम्बन्धमा यस संस्थाबाट पटकपटक मौखिक तथा लिखित रूपमा ताकेता गरिएको एवं राष्ट्रिय 'दैनिक' पत्रिकामा सूचना प्रकाशित गर्दा पनि आलटाल गरी बेवास्ता गरी यस संस्थालाई बुझाउनुपर्ने कर्जा नबुझाई, कर्जा तथा सहकारी सुविधासम्बन्धी सर्त बन्देज उल्लङ्घन गरेकोले यस सहकारीको नाममा धितो बन्धक लेखिदिएको तपसिलको सम्पत्ति जहाँ जे अवस्थामा छ, सोही अवस्थामा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा धितो लिलाम बिक्री गर्नको लागि यो ३५ दिने सूचना प्रकाशित गरिएको छ । सो सम्पत्ति खरिद गर्न इच्छुक फर्म, संघ संस्था, कम्पनी वा व्यक्तिबाट आफूले के कति मूल्यमा खरिद गर्न चाहेको हो सो खोली यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र यस सहकारी संस्थाको केन्द्रीय कार्यालयबाट उपलब्ध गराएको फारम भरी सिलबन्दी बोलपत्र सोही कार्यालयमा पेस गर्नुहुनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| ऋणीको नाम, थर र ठेगाना | ऋणीको फोटो | ऋणीको नाम थर ठेगाना |
|---|---|---|
| **नाम** : तुलसीनन्द मिश्र<br>**ना.प्र.नं** : १९३०३७२३६<br>**बुबा** : रामचन्द्र मिश्र<br>**बाजे** : श्यामसुन्दर मिश्र<br>**ठेगाना** : सर्लाही जिल्ला, ब्रम्हपुरी गा.वि.स., वडा नं-३ हाल भक्तपुर जिल्ला सूनपा-८, सिपाडोल<br>**जग्गाको विवरण**: तुलसी नन्द मिश्रको नाममा कायम भएको भक्तपुर मालपोत कार्यालयमा दर्ता रहेको सिपाडोल वडा नं. ५ स्थित कित्ता नं. १४२ को ४७०५.८५ वर्ग.मि.को जग्गा |  | **नाम** : शंखरबहादुर कार्की<br>**बुबा** :नेत्रबहादुर कार्की<br>**बाजे**: रत्नबहादुर कार्की<br>**ठेगाना** : रामेछाप जिल्ला, गागल गा.वि.स, वडा नं.-२<br>**जग्गाको विवरण**: शंखरबहादुर कार्कीको नाममा कायम भएको भक्तपुर मालपोत कार्यालयमा दर्ता रहेको नंखेल वडा नं. ९ स्थित कित्ता नं. ८३२ को १३५.११ वर्ग.मि.को जग्गा |

**सिलबन्दी बोलपत्र खोलिने मिति, समय र स्थान**
**मिति** : २०८२/०९/१३
**समय** : बिहान ११:०० बजे
**स्थान** : सूर्यविनायक-६, भक्तपुर

। सम्पादकीय ।

# पुरानो दलको विकल्प नयाँ दल होइन

निर्वाचन आयोगको कार्यतालिकाअनुसार मङ्सिर १ गतेदेखि १० सम्म निर्वाचन प्रयोजनको लागि दल दर्ताको सीमा निर्धारण गरिएको छ । फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनको लागि आयोगले दल दर्ता गर्ने सूचना जारी गरेको हो । दल दर्ता गर्ने क्रम चालु छ । निर्वाचन आयोगमा दल दर्ता गरेर निर्वाचनमा भाग लिने या उम्मेदवारी दिने प्रजातान्त्रिक अधिकार हो । यो भन्दा अघि दर्ता गरेका सबै दल पुराना र हाल दर्ता भएका सबै दल नयाँ भनी बुझ्ने मत पनि देखिएको छ । दल पुरानो होस् या नयाँ निर्वाचनमा भाग लिन दल दर्ता गर्नुपर्छ । तर, पुराना दल सबै गलत र नयाँ दल सबै सही भनी प्रचार गर्नु र विश्लेषण गर्नु ठीक होइन । सवाल दल पुरानो र नयाँको होइन । पुरानो र नयाँ दलको सिद्धान्त, विचार या दृष्टिकोण के हो ? कुन दलले कुन वर्गका जनताको सेवा गर्छ भन्ने महत्त्वपूर्ण प्रश्न हो । पुराना दल गलत र नयाँ दल ठीक भन्ने कुरा कसैले सोच्नु ठीक होइन । निर्वाचन आयोगमा धेर दल दर्ता भएका छन् । त्यसमध्ये कुन दल ठीक भन्ने ? पुराना दलमा पनि देश र जनताको निम्ति काम गर्ने दलहरू छन् । सरकारमा पुगेका पुराना दलहरूले देश र जनताको पक्षमा काम गर्न नसकेको यथार्थ हो । पुराना दलमध्ये धेरै दलहरू सरकारमा सामेल भए भने कति दल सरकारमा सहभागी भएका छैनन् । सरकारमा पुगेका दल र सरकारमा सहभागी नभई देश र जनताको पक्षमा सदन र सडकमा आन्दोलनरत दललाई एकै कोटीमा राख्ने र एकै नजरले हेर्ने दृष्टिकोण ठीक छैन ।

जनताको असन्तुष्टि सरकारमा रहेका दलहरूप्रति हो । जनताको चाहनाअनुसार शासकहरूले काम गर्न नसकेको जनताको गुनासो हो; युवाहरूको गुनासो हो । सत्तारूढ दलहरू सिद्धान्तहीन गठबन्धनमा लागेको, विचार र सिद्धान्त नमिले पनि सरकार भागबन्डामा लागेको र सत्ता र पदको दुरूपयोग गरी भ्रष्टाचार र अनियमितता गरेको, भ्रष्टाचारीहरूलाई कारबाही नभएकोले जनता असन्तुष्ट भएका हुन् । सरकारप्रति असन्तोष पोख्नु या असन्तुष्टि जनाउनुको अर्थ सबै दलप्रतिको असन्तुष्ट होइन । शासकहरूले सरकारको पूरा कार्यकाल सञ्चालन गर्न नसकेको अर्को यथार्थ हो । सरकार सञ्चालनको क्रममा आफ्नो दलको सिद्धान्त र विचार बन्धक राखेर सरकारमा गएको पनि यथार्थ हो । भागबन्डामा लागेको कारण सरकारले दिशा निर्देश गर्न नसकेको पनि हो । दलहरू मिलेर सरकार गठन भए पनि सत्तारूढ दलभित्र अन्तरकलह भएर, विवाद चर्केर सरकारको नेतृत्व हेरफेर भएको हो । नेका सम्मिलित एमालेको नेतृत्वमा बनेको सबभन्दा शक्तिशाली सरकार पनि असन्तोषकै कारण ढलेको हो । सत्तारूढ दलको कमीकमजोरी अरू दलमाथि थोपर्नु बुद्धिमानी होइन । हो, सरकारको कमी कमजोरी औंल्याउनुपर्छ । अहिले सुशीला कार्कीको नेतृत्वमा बनेको सरकारको पनि कमजोरी देखिन थालेको छ । सरकारले हचुवाको भरमा निर्णय गरेको कारण अदालतले सरकारको निर्णयलाई अस्वीकृत गर्दै आएको छ । त्यही भएर जेन-जीको कारण बनेको वर्तमान सरकारलाई जेन-जीकै अगुवाहरूले राजीनामा माग गर्न थालेका छन् ।

पुरानो दलको विकल्प नयाँ दल होइन । नयाँ दल पनि धेरै देखिए । कुन दलको के सिद्धान्त र विचार छ, बुझ्नुपर्छ । दल रहरले खोल्ने होइन । दलको मार्गनिर्देशक सिद्धान्त हुनुपर्छ । हरेक दलको अल्पकालीन र दीर्घकालीन लक्ष्य हुन्छ । यसभन्दा अघि पनि केही नयाँ दलहरू देखिए । सुरूमा नयाँ दलप्रति युवाहरूले चासो देखाए, केही सांसद सीट पनि जिते । तर, त्यो नयाँ दलको नेतृत्वप्रति नै संशय भयो, विवाद देखियो । त्यस दलका कति नेताहरूले पार्टी पनि छोडे । ती नयाँ दलले पनि स्पष्ट मार्गनिर्देश गर्न सकेनन् । कुनै दल या समूहले भ्रष्टाचारको विरोध गर्नु ठीक हो । तर, भ्रष्टाचारको विरोध गर्दैमा त्यो दल हरेक हिसाबले सही हुन्छ भन्ने होइन । दलको लोकप्रियताको निम्ति हल्ला गर्ने, हल्ला गरेकै भरमा जनताको मत लिने तरिका पनि सही होइन । कुनै दलका नेताले राम्रो र आकर्षक भाषण गर्दैमा त्यो दल ठीक हुन्छ भनी सोच्नु पनि सही होइन ।

हो, संविधानले राजनीतिक दल गठन गर्ने अधिकार दिएको छ । संवैधानिक व्यवस्थाअनुसार नै दलहरू दर्ता भएका छन् । हाल निर्वाचन आयोगमा दर्ता भएका दलहरूको आयोगले छानबिन गरिरहेको छ । आयोगमा दर्ता भए पनि सबै दलले औपचारिक मान्यता पाएका छैनन् । दर्ता भएका दलको नाम हेरेर जनताले मूल्याङ्कन गर्ने होइन; जनताको विश्वास जित्ने आधार दलको नाम होइन काम हो, व्यवहार हो, सिद्धान्त हो, विचार हो । जनताले नयाँ दल भनेर आँखा चिम्ली समर्थन गर्ने होइन, पुरानो दल भनेर सबै दललाई उही नजरले हेर्ने होइन । पार्टी स्थापनादेखि सरकारमा सामेल नभइकन देश र जनताप्रति समर्पित र जिम्मेवार भई काम गरिरहेका दलको योगदान नेपाली जनताले भुल्नु हुँदैन । निःस्वार्थ र इमानदारीपूर्वक काम गरिरहेका दल र दलका नेताहरूको योगदान भुल्नु हुँदैन । देशमा सुशासन कायम गर्न नसकेका, भ्रष्टाचारीहरूलाई कारबाहीको सट्टा बढुवा दिने, अकुत सम्पत्ति कमाउने, देशमा भइरहेको अतिक्रमण र थिचोमिचोको विरोध नगर्ने दललाई भने जनताले इन्कार गर्नुपर्छ; निर्वाचनमा पराजित गर्न जनताले साथ दिनुपर्छ ।

# सेख हसिनालाई मृत्युदण्डको अर्थ

✍ सहजाद उद्दिन

बङ्गलादेशको घरेलु युद्ध अपराध अदालतले देशकी पूर्वप्रधानमन्त्री सेख हसिनालाई मानवताविरुद्धको अपराधका लागि उनको अनुपस्थितिमा मृत्युदण्डको सजाय सुनायो । अदालतले हसिनालाई २०२४ मा विद्यार्थी नेतृत्वको विद्रोहमाथि राज्यको घातक दमनको क्रममा उत्तेजना, हत्याको आदेश र अत्याचार रोक्न निष्क्रियता देखाएको भन्दै दोषी ठहर गऱ्यो । हसिनाले आफूमाथि लगाइएका सबै आरोप अस्वीकार गर्दै अदालतको निर्णयलाई 'पक्षपाती र राजनीतिक रूपमा प्रेरित' भनेकी छिन् । फैसलापछि जारी एक विज्ञप्तिमा उनले भनिन्, "म ममाथि लागेका अभियोगको सामना गर्न अदालतमा उपस्थित हुन डराउँदिनँ, जहाँ प्रमाणको निष्पक्ष रूपमा परीक्षण गर्न सकिन्छ ।" हसिनाले बङ्गलादेशको कामचलाउ सरकारलाई अन्तर्राष्ट्रिय फौजदारी अदालतमा आरोप लैजान चुनौती दिएकी छिन् । बङ्गलादेशी अदालतको फैसला राष्ट्र सङ्घ र अन्तर्राष्ट्रिय मानव अधिकार सङ्गठनले प्रदान गरेका कतिपय प्रमाणमा आधारित छ । फेब्रुअरी २०२५ मा प्रकाशित एक प्रतिवेदनमा तीन साताको अशान्तिमा एक हजार ४०० जना मारिएको संयुक्त राष्ट्र सङ्घ मानव अधिकार उच्चायुक्तको कार्यालयको अनुमान छ । त्यस्तै, थप ११ हजार सात सयजनालाई हिरासतमा राखिएको आयोगले जनाएको थियो ।

प्रतिवेदनले 'मारिएका र घाइते भएका अधिकांशको शरीरमा बङ्गलादेशको सुरक्षा बलले गोली हानेको' र सुरक्षा एजेन्सीले 'मानवताविरुद्धको अपराध हुनसक्ने अधिकार उल्लङ्घनमा व्यवस्थित रूपमा संलग्न भएको' निर्धारण गऱ्यो । संयुक्त राष्ट्र सङ्घको तथ्याङ्कले सुरक्षा दमनमा १८० बालबालिका मारिएको देखाउँछ । अशान्तिको समयमा ह्युमन राइट्स वाच (एचआरडब्लु) ले उल्लेख गऱ्यो कि बङ्गलादेशी सरकारले 'विद्यार्थी प्रदर्शनकारीविरुद्ध सेना तैनाथ गरेको थियो, देख्नेबित्तिकै गोली हान्न आदेश दिएको र मोबाइल डेटा तथा इन्टरनेट सेवा बन्द गरेको थियो । 'संयुक्त राष्ट्र सङ्घको प्रतिवेदनले निष्कर्ष निकाल्यो कि बङ्गलादेशमा प्रदर्शनकारीविरुद्धको हिंसा 'सुरक्षा र गुप्तचर सेवाद्वारा समन्वित तरिकाले गरिएको थियो ।"

एचआरडब्लुले यस्तै ढाँचाको



दस्तावेज प्रस्तुत गरेको छ । जनवरी २०२५ को एक ब्रिफिङमा 'गोलाबारुदको अत्यधिक र अन्धाधुन्ध प्रयोगका कारण एक हजारभन्दा बढी मानिस मारिएका र हजारौं घाइते भएको' उसले बतायो । यो निष्कर्षलाई एम्नेस्टी इन्टरनेसनलले पनि प्रदर्शनकारीमाथि प्रत्यक्ष गोलाबारुदको प्रयोग र बन्दीमाथि दुर्व्यवहार गरिएको दोहोऱ्यायो । अदालतको फैसलाले सुरक्षा उपकरणका धेरै शाखाले एकसाथ काम गरेको र मानव अधिकार उल्लङ्घन बढ्दै जाँदा पनि वरिष्ठ अधिकारीले हस्तक्षेप नगरेको प्रमाण स्वीकार गरेको छ । अधिकारको पदमा रहेकाहरूले यस्ता दुर्व्यवहार रोक्ने अपेक्षा गरिएको थियो, तैपनि यसलाई रोक्न सक्ने क्षमताका बाबजुद हिंसा जारी रह्यो ।

अदालतको फैसलाले पीडित परिवारमा भएको क्षतिको सङ्केत गर्छ । राष्ट्र सङ्घका अनुसन्धानकर्ताले सङ्कलन गरेका बयानमा आमाबाबुले आफ्ना बालबालिकाका लागि अस्पताल र प्रहरी स्टेसन खोज्दै दिन बिताएको उल्लेख छ । अस्पतालका कर्मचारीलाई सुरक्षा बलले मृत्युको रेकर्ड परिवर्तन गर्न वा हटाउन दबाब दिएको राष्ट्र सङ्घले रिपोर्ट गरेको छ । एचआरडब्लुका उप-एसिया निर्देशक मीनाक्षी गांगुलीले अशान्तिको समयमा भनेकी थिइन्, "सेख हसिना सरकारको विरोध गर्ने जोकोहीविरुद्ध सुरक्षा बलको निर्बाध दुर्व्यवहारका कारण बङ्गलादेश लामो समयदेखि समस्यामा परेको छ ।" मुख्य विपक्षी बङ्गलादेश नेसनलिस्ट पार्टीले एकपक्षीय र धाँधलीपूर्ण भनी आरोप लगाएको सन् २०२४ को चुनावमा हसिनाले प्रधानमन्त्रीका रूपमा लगातार चौथो कार्यकाल जितिन् । मतदानअघि यसका धेरै प्रमुख नेतालाई निर्वासनमा जान बाध्य पारिएपछि वा जेल हालिएपछि पार्टीले मतदान बहिष्कार गऱ्यो ।

हसिनाको नेतृत्वमा बङ्गलादेशका सुरक्षा बलले विवेकहीन भएर काम गरे । यसमा ऱ्यापिड एक्सन बटालियन अर्धसैनिक बल पनि हो, जसलाई डिसेम्बर २०२१ मा 'गम्भीर मानव अधिकार उल्लङ्घन' को आरोपमा अमेरिकी कोषले प्रतिबन्ध लगाएको थियो । नागरिक समाज समूहले २०२४ को अशान्तिअघि कार्यकर्तामाथि दबाबको अभिलेख राखेका थिए भने पत्रकारले उत्पीडनको सामना गरेका थिए ।

सोमबारको फैसला बङ्गलादेशमा कानुनी शासन र जनताको विश्वास पुनर्स्थापित गर्ने प्रतिबद्धता व्यक्त गरेको अन्तरिम सरकारका लागि एक महत्त्वपूर्ण क्षणमा आएको छ । सरकारसामु एउटा कठिन प्रश्न यो हुनेछ कि यसले हसिनाको सुपुर्दगी सुरक्षित गर्न सक्छ कि सक्दैन ? हिन्दुस्तान टाइम्सले रिपोर्ट गरेको छ कि बङ्गलादेशी सरकारले पहिले नै भारतलाई पत्र लेखिसकेको छ, जहाँ हसिना सत्ताबाट हटाइएदेखि निर्वासनमा बस्दै आएकी छिन् र उनलाई सुपुर्दगी गर्न आग्रह गरिरहेको छ ।

यदि हसिनाविरुद्ध लगाइएका आरोप राजनीतिक प्रकृतिका हुन् भन्ने मानियो भने भारतले बङ्गलादेशी सरकारको अनुरोधलाई अस्वीकार गर्न सक्छ । दिल्लीले सुपुर्दगी अनुरोधमा सावधानीपूर्वक प्रतिक्रिया दिएको छ, 'यो बङ्गलादेशका जनताको सर्वोत्तम हितप्रति प्रतिबद्ध छ' तैपनि हसिनालाई सुपुर्दगी गर्न भारतमाथि दबाब बढ्ने सम्भावना छ । हिंसा र हसिनाको भूमिका मानवताविरुद्धको अपराध हुनसक्ने राष्ट्र सङ्घको निष्कर्षमा आधारित आरोपको गम्भीरताले भविष्यका निर्णयलाई प्रभाव पार्न सक्छ । बङ्गलादेशको अन्तरिम सरकारले सामना गरिरहेको अर्को चुनौती भनेको नयाँ अशान्तिको सम्भावना हो । अदालतको फैसलाअघि राजधानी ढाका र बन्दरगाह सहर चट्टोग्रामका केही भागमा हसिना समर्थक र सुरक्षा बलबिच झडप भएको रोयटर्सले रिपोर्ट गरेको थियो । बङ्गलादेशी प्रहरीले फैसलापछि ढाकामा पार्टी कार्यालयतर्फ मार्च गरिरहेका प्रदर्शनकारीलाई तितरबितर पारेको थियो ।

*(उद्दिन सेन्टर फर अकाउन्टिबिलिटी एन्ड ग्लोबल डेभलपमेन्ट, युनिभर्सिटी अफ एसेक्सका निर्देशक हुन् ।)*
*द कन्भर्सेसनबाट*

# जापानी सैन्यवादको पुनरूत्थानलाई कहिल्यै अनुमति दिइने छैन

✍ सीआरआई

नोभेम्बर १८ तारिखमा चीनको परराष्ट्र मन्त्रालयका अधिकारीहरूले पेचिङमा जापानी विदेश मन्त्रालयका अधिकारीहरूसँग परामर्श गर्नुभयो । चीनले जापानी प्रधानमन्त्री सानाइ ताकाइचीको गलत टिप्पणीको बारेमा जापानसँग फेरि एकपटक कडा विरोध जनाएको छ, जापानलाई आफ्नो बयान फिर्ता लिन, चीनसँग सम्बन्धित मुद्दाहरूमा समस्या सिर्जना नगर्न र आफ्ना गल्तीहरू स्वीकार गर्न र सच्याउन ठोस कदम चाल्न आग्रह गरेको छ, जसले गर्दा चीन-जापान सम्बन्धको राजनीतिक आधार सुरक्षित रहनेछ ।

नोभेम्बर ७ का दिन सानाइ ताकाइचीले थाइवान मुद्दामा सम्भावित सैन्य हस्तक्षेपको सङ्केत गरेदेखि चीन सरकारले थाइवानमा उनको स्पष्ट उत्तेजक टिप्पणीको कडा विरोध गर्दै आएको छ । चीनका उप-परराष्ट्रमन्त्रीले चीनका लागि जापानी राजदूतलाई कडा विरोध गर्न बोलाएदेखि धेरै मन्त्रालयहरूले 'हेड अन प्रहार' को चेतावनी जारी गरेको हालै चिनियाँ नागरिकलाई जापान यात्रा नगर्न सल्लाह दिनेदेखि चीन-जापान संयुक्त जनमत सर्वेक्षण र 'पेचिङ-टोकियो फोरम' स्थगित गर्न माग गर्नेसम्म, चीनको अडान स्पष्ट छः हामीले तिमीलाई चेतावनी दिएका छौं ।

चीनको लागि थाइवान मुद्दा 'शीर्ष रातो रेखा' हो । सानाइ ताकाइचीले चुकाउने मूल्य अनुमान गर्न सकिन्छ । ऐतिहासिक जिम्मेवारीको भावना भएको प्रमुख शक्तिको रूपमा रहेको चीनको प्रत्याक्रमण राष्ट्रिय सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्ने मात्र होइन, युद्धपछिको व्यवस्था र क्षेत्रीय शान्ति कायम राख्ने र जापानी सैन्यवादको पुनरूत्थानको शक्तिशाली दमनको बारेमा पनि हो ।

हालै जापानका प्रधानमन्त्री ताकाइचीको गलत अभिव्यक्तिले चीन-जापान सम्बन्ध तनावपूर्ण बनाएको छ । उहाँको 'सैन्य शक्तिको प्रयोग गरेर थाइवान समुद्री मुद्दामा हस्तक्षेप गर्न सकिन्छ' भन्ने उत्तेजित व्यवहार चीनका मुख्य हितहरूमाथि मात्र खुला ध्वंस होइन, जापानी दक्षिणपन्थी शक्तिहरूको द्वितीय विश्वयुद्धपश्चात्‌को अन्तर्राष्ट्रिय प्रणालीलाई उल्टाउन खोज्ने खतरनाक प्रवृत्ति पनि देखाएको छ । यो उक्साहट व्यवहार एउटा घटना होइन, बरू जापानी साम्राज्यवाद विचारधाराको पुनरूत्थानको अवश्य परिणति हो र अन्तर्राष्ट्रिय समुदायले यसप्रति उच्च सतर्कता अपनाएर दृढता विरोध गर्नुपर्छ ।

जापानी प्रधानमन्त्री ताकाइचीले खुला रूपमा 'साझा आत्मरक्षा अधिकार'लाई थाइवान जलडमरूको परिस्थितिसँग जोड्दै 'थाइवानमा समस्या भए जापानको अस्तित्व सङ्कटमा पर्छ' भन्नु हो । चीनको आन्तरिक मामिलामा यस्तो क्रूर हस्तक्षेप अन्तर्राष्ट्रिय कानुनको आधारभूत सिद्धान्तहरूसँग मात्र विपरीत होइन, यो संयुक्त राष्ट्रसङ्घको बडापत्रको भावनाविपरीत पनि हुन्छ । चीन सरकारले कूटनीतिक सम्पर्क र आर्थिक प्रतिकारमार्फत आफ्नो दृढ अडान स्पष्ट पारेको छः चीनको सार्वभौमिकता र भौगोलिक अखण्डतामा चुनौती दिने कुनै पनि कार्यले ठुलो मूल्य तिर्नुपर्नेछ । यदि जापान आफ्नो बाटोमा अडिग रह्यो भने, यसले चीन-जापानको आर्थिक सम्बन्धमा गहिरो असर पार्नेछ र अन्ततः आफ्नै नोक्सान भोग्नेछ ।

अझ सतर्क रहनुपर्ने कुरा के हो भने जापानी दक्षिणपन्थी शक्तिहरूले इतिहास संशोधनवाद र सैनिक विस्तारको प्रक्रियालाई तीव्र बनाउँदै लगिरहेको छ । संविधान परिमार्जन गर्दै सैनिक बल बढाउने, यासुकुनि चिहान स्थलको भ्रमण गर्ने, युद्ध अपराधलाई अस्वीकार गर्नेसम्म, रक्षा बजेट बढाउने र पुराना सेनाको नाम पुनः प्रयोग गर्नेदेखि, 'आणविकबिना तीन सिद्धान्त' हटाउने विषयमा छलफल गर्ने जस्ता गतिविधिहरूले उनीहरूको सैनिक विस्तार इच्छा स्पष्ट रूपमा देखाएको छ । इतिहासलाई प्रणालीगत रूपमा अस्वीकार र आक्रमणलाई सुन्दर देखाउने यस प्रकारका कार्यहरूले एसियाली पीडित जनताको भावनामा गहन चोट मात्र पुऱ्याएको छैन, यसले सम्पूर्ण पूर्वी एसियाली क्षेत्रमा द्वन्द्वको सम्भावना बढाएको छ ।

जापानी दक्षिणपन्थी शक्तिहरूका खतरनाक गतिविधिहरूको सामना गर्दा, अन्तर्राष्ट्रिय समुदायले मिलेर द्वितीय विश्वयुद्धपश्चात्‌को व्यवस्थाको संरक्षण गर्नुपर्छ । चीनले संयुक्त राष्ट्रसङ्घमा गम्भीर रूपमा भनेको छ कि जापान 'सुरक्षा परिषद्‌को स्थायी सदस्य बन्नका लागि मूलतः योग्य छैन' र रूस, दक्षिण कोरिया र प्रजग कोरियालगायतका देशहरूले यसलाई समर्थन गरेका छन् । विश्वका विभिन्न राष्ट्रहरूले कूटनीतिक दबाब, आर्थिक प्रतिबन्ध र जनमत अनुगमनजस्ता उपायहरूमार्फत जापानलाई शान्ति संविधान मान्ने, इतिहासको अपराध स्वीकार गर्ने र थाइवानजस्ता मुद्दामा जोखिम नमोल्न बाध्य पार्नुपर्छ ।

# जारशाही संसद्मा बोल्शेभिक सांसद – १९


● ए. बादायेभ

*(धातु मजदुर अलेक्सेइ बादायेभ बोल्शेभिक कार्यकर्ता थिए। उनी पुरानो बोल्शेभिक गार्डका सदस्य थिए। सन् १९१२ मा रुसी संसद् 'ड्युमा' को चौथो निर्वाचन भयो। यसलाई चौथो ड्युमा/संसद् भनिन्छ। बादायेभ पिटर्सबर्ग सहरबाट सांसद् बने। बादायेभलगायत पाँच बोल्शेभिक कार्यकर्ता संसद्मा निर्वाचित भएका थिए।*

*सन् १९१४ को अगस्तमा प्रथम विश्वयुद्ध सुरु भयो। युरोपका साम्राज्यवादी देशहरू गरिब उपनिवेशका प्राकृतिक स्रोतसाधन लुछाचुँडी गर्न नृशंस युद्धमा होमिए। त्यही वर्ष नोभेम्बर महिनामा बोल्शेभिक सांसदहरूलाई पक्राउ गरी साइबेरिया निर्वासनमा पठाइयो।*

*सन् १९१७ मा लेनिनको नेतृत्वमा महान् अक्टोबर समाजवादी क्रान्ति भयो। क्रान्तिका १५ वर्षपछि सन् १९२९ मा बादायेभको आत्मवृत्तान्त प्रकाशित भयो। पुस्तकको नाम थियो - 'जारशाही संसद्मा बोल्शेभिक सांसद' (The Bolsheviks in the Tsarist Duma)। यो पुस्तक बादायेभको निजी अनुभव, टिपोट र ऐतिहासिक दस्तावेजहरूमा आधारित छ।*

*सन् १९०५ को क्रान्तिपछि क्रान्तिकारी उभार कसरी सेलायो ? संसद्मा बोल्शेभिक पार्टीको नीति र कार्यशैली कस्तो थियो ? जारशाही रुसका विसङ्गतिहरूलाई बोल्शेभिक सांसदहरूले कसरी उदाङ्गो पार्दै गए ? रुसका कामदार जनतालाई राजनीतिक शिक्षा दिन संसद् र 'प्राभ्दा' पत्रिकाको भूमिका कस्तो रह्यो ? क्रान्तिकारी सङ्घर्ष के-कस्ता उतारचढावबाट गुज्रियो ? सन् १९१७ को अक्टोबर समाजवादी क्रान्तिले कस्तो परिवेशमा आकार लियो ? यी तमाम विषयको जीवन्त चित्रण छ पुस्तकमा। यस हिसाबले बादायेभको आत्मवृत्तान्त संसद्को क्रान्तिकारी उपयोगबारे एक गम्भीर साहित्य तथा ऐतिहासिक दस्तावेज पनि हो। अक्टोबर क्रान्ति दिवसको अवसरमा 'मजदुर' दैनिकमा यही पुस्तकको अनौपचारिक अनुवाद प्रस्तुत छ। सम्पादक)*




कपडा युनियनका प्रतिनिधिहरूसँग राज्यले नियुक्त गरेको त्यो निरीक्षकले भन्यो, "मैले कुनै पनि मजदुर युनियनसँग वार्ता गर्न मिल्दैन। ऐनअनुसार मलाई विवाद उत्पन्न भएको ठाउँका निश्चित मजदुरहरूसँग मात्र छलफल गर्ने अधिकार छ।"

प्रतिनिधि टोलीले भन्यो, "तर, हामी कानुनअनुसार नै कुरा गर्दै छौँ। कानुनी अधिकारीहरूले नै हाम्रो तह तोकिदिएका हुन्। युनियनसँग आफ्ना सदस्यहरूका आवश्यकताको विषयमा व्यक्ति विशेष र सरकारी संस्थानका अधिकारीसँग वार्ता गर्ने अधिकार छ।"

यी दुईथरी 'कानुनपालक' बिचको मतभेद संयोगले हल भयो। युनियनको प्रतिनिधित्व गर्दै आएका एक व्यक्ति निकालामा परेका रहेछन्। उनी पीडित हुनाले उद्योग निरीक्षकलाई वार्ता गर्न कर लाग्यो। दुई घण्टासम्म वार्ता चल्यो। निरीक्षक खुट्टा तन्काएर आरामकुर्सीमा बसिरह्यो। युनियनका प्रतिनिधिहरू हातमा टोपी समाएर मजदुरको हित 'रक्षक' सामु दुई घण्टासम्म उभिरहे।

निरीक्षकले भन्यो, "जहाँसम्म पुलिसले कारखानामा जाने मजदुरहरूसँग दुर्व्यवहार गरेको र कुटपिट गरेको कुरा छ तिमीहरूले प्रहरी प्रमुखकहाँ जाहेरी दिनुपर्छ। यो कुरा मेरो अधिकार क्षेत्रभित्र पर्दैन। यसमा म तिमीहरूलाई सहयोग गर्न सक्दिनँ।"

निरीक्षकले कारखाना प्रशासनको कामकारबाहीमा पनि हस्तक्षेप गर्न नमिल्ने बतायो। उसको कुरा सुन्दा सबथोक ठीकठाक चलिरहेझैँ लाग्थ्यो। मजदुरहरूले पन्ध्र दिनको ज्याला सुरुमै लिन नमिल्ने उसले बतायो। मजदुर मालिकहरूले आपसमा सल्लाह गरी गरेको तालाबन्दी तोड्ने अधिकार आफ्नो विभागसँग नभएको निरीक्षकको तर्क थियो। सबैलाई बिदा गर्दै उसले भन्यो, "तिमीहरूको मुद्दा मिल्दैन।"

उद्योग निरीक्षकसँगको भेटले फेरि एकपल्ट रुसको कानुन कसका लागि बनाइएको हो भन्ने पुष्टि भयो। मजदुरहरूले आफूमाथि मात्र भर पर्न सक्थे। सेन्ट पिटर्सबर्गका सर्वहाराहरूको मैत्रीपूर्ण सहयोगमा भर पर्न सक्थे। उनीहरूले सहयोग पनि पाए। तालाबन्दीबाट प्रभावित महिला र पुरुष गरी दुवैथरी मजदुरलाई पिटर्सबर्गका अन्य कारखानामा काम गर्ने मजदुरहरूले सहयोग पठाए। त्यति नै बेला नजिकैको अर्को ठूलो सुती कारखानामा २ हजार थप मजदुरलाई कामबाट निकाला गरियो। अब मजदुरहरूले एउटा कारखानाको लडाइँ समस्त मजदुरवर्गले एकैबाजि लड्नुपर्छ भन्ने बुझे।

कपडा कारखानाका मालिकहरूले गरेको तालाबन्दीका कारण सेन्ट पिटर्सबर्गका सबै मजदुरहरू आक्रोशित भए। कतैकतै अराजक तत्त्वहरूले प्रचारबाजी सुरु गरे। उनीहरूले मेसिन तोडफोड र आगजनीजस्ता आतङ्ककारीविधि अपनाएर बदला लिन आह्वान गरे। सामाजिक जनवादीहरूले यो प्रचारको विरोध गरे। यस्तो विधिमा जाँदा मजदुर वर्गमाथि झन् नयाँ विपत्ति आइलाग्छ भनेर सम्झाए। सामाजिक जनवादीहरूले सदैव यस्ता विधिलाई अस्वीकार गर्दै आएका थिए। आतङ्ककारी विधि बेकार छ। यसले मजदुर आन्दोलनलाई हानि मात्र गर्छ भन्ने थियो। राम्रै भयो,थोरै मान्छेले मात्र ती अराजकतावादीहरूलाई समर्थन गरे। छिट्टै नै हामी त्यो विचारमाथि हावी हुन सफल भयौँ।

कपडा कारखानाका मजदुरहरूलाई सेन्ट पिटर्सबर्गका सर्वहाराले दिएको सहयोगले अर्कै रूप लियो। निकालामा परेका मजदुरहरूलाई राहत दिनका लागि छिट्टै विभिन्न कलकारखानामा चन्दा सङ्कलन सुरु भयो। यसरी जम्मा भएको रकम संसद्को सामाजिक जनवादी समूहलाई पठाइन्थ्यो र हाम्रो समूहले त्यसलाई सही तरिकाले वितरण गर्ने चाँजो मिलाउँथ्यो।

तालाबन्दीको सुरुका दिनहरूमा कपडा मजदुरहरूले सामाजिक जनवादी समूहले हजारौँ मजदुरहरूलाई निकाला गर्ने मालिकहरूको खेलबारे सदनमा प्रश्न उठाउनुपर्‍यो भनेर माग गरेका थिए। त्यो मागका सम्बन्धमा हामीले तुरुन्तै आपत्कालीन बैठक डाकेर प्रश्नको खेस्रा गर्ने निधो गर्‍यौँ। मौका पाउँदाबित्तिकै ती प्रश्न सदनमा राख्ने हामीले सोचेका थियौँ। फेब्रुअरीको सुरुमा हामीले त्यो खेस्रा तयार पारेका थियौँ। तर, मार्च १ सम्म पनि सदनमा त्यसलाई छलफलको विषय बनाइएन। तालाबन्दी सुरु भएको ६ हप्ता बितिसकेको थियो। संसद्का बहुमत सांसदले जानाजान हाम्रो प्रश्नको छलफललाई पछि सारेका थिए। प्रश्नबारे छलफल हुनुभन्दा अगाडि नै मजदुरहरूको उत्साह सेलाओस् भनेर त्यसो गरिएको थियो।

विद्यमान कानुनको उल्लङ्घन पक्रेर मात्र सरकारलाई प्रश्न सोध्न सकिन्थ्यो। तालाबन्दी त्यसप्रकारको उल्लङ्घन थिएन। किनभने, रुसी साम्राज्यको कानुनले मजदुरहरूलाई सामूहिक निकाला गर्नबाट रोक्दैनथ्यो। त्यसकारण, कानुनी तरिकाले प्रश्न तयार गर्नका लागि उद्योग निरीक्षक आफ्नो कर्तव्य पालन गर्नमा असफल भएको विषय समातियो। यो वैध आधारभित्र खँदिलो कुरा थियो। यसभित्र मजदुर वर्ग र तिनका युनियनहरूविरुद्ध पुँजीपतिहरूले सङ्गठित अभियान चलाएको कुरा उदाङ्ग्याउने ठाउँ थियो।

हाम्रो प्रश्न मिल मालिकहरूले घोषणा गरेको आम तालाबन्दीको सामान्य असरबाट सुरु हुन्थ्यो। सारमा, हाम्रो समूहले उद्योग निरीक्षकले गरेको गैरकानुनी कामबारे उद्योग तथा वाणिज्य मन्त्रीसँग सदनले सोध्नुपर्ने प्रस्ताव राख्यो। उद्योग निरीक्षकले 'आफ्नो विभागका कर्मचारीहरूलाई कानुनबमोजिम आआफ्नो कर्तव्य पूरा गर्न उत्साहित गरेको' बताएका थिए।

हाम्रो प्रश्नलाई सदनले स्वीकार गर्‍यो। तर, यसको हाल पनि हाम्रो समूहले राखेका अघिअघिका प्रश्न जस्तै हुने निश्चित थियो। हाम्रो प्रश्न सुनेपछि सम्बन्धित मन्त्रीहरूले कर्मकाण्डी कर्मचारीतन्त्रलाई अघि सारे। 'छानबिन हुँदै छ', 'प्रतिवेदनको पर्खाइमा छौँ' जस्ता अल्मो थापियो। यसरी हाम्रो प्रश्न सरकारी ढड्डाको धुलोमा हराइसकेपछि, मुद्दा सेलाइसकेपछि अन्त्यमा गएर मन्त्रीले आफ्नो औपचारिक दायित्व पूरा गरे र आफ्नो 'व्याख्या' प्रस्तुत गरे।


प्रश्नको जवाफ ६ महिनापछि आयो। उद्योग तथा वाणिज्य मन्त्रालयका अधिकारी लिट्भिनोभ-फालिन्स्कीले जवाफ दिए। उनले राजशाही सरकारको समग्र मजदुर नीतिका प्रस्तावक र कार्यपालकको नाम कमाएका थिए। घटनाबारे उनले दिएको जवाफ मनपरीतन्त्रको हद थियो। जारशाही मन्त्रहरूको भन्दा पनि कपटीजवाफ थियो उनको। लिट्भिनोभले हामीले प्रश्नमा चित्रण गरेको स्थिति वास्तविक होइन भने। सुती कारखानाको कार्डिङ विभागमा ज्याला नघटाइएको बताए। तालाबन्दी भएकै छैन र उद्योग निरीक्षकले कुनै गैरकानुनी कार्य नगरेको भने। त्यसबेला चलनचल्तीमा रहेको मापदण्डअनुसार पनि यस्तो अभिव्यक्ति सरासर भड्किलो थियो। यो सुनेर सदनका अति दक्षिणपन्थीहरू मार्कोभ, पुरिश्केभिचहरू र तिनका मित्रमण्डली हर्षले गद्गद् भए। उनीहरूले दिल खोलेर ताली बजाए र 'वामपन्थीहरूको झूट' भन्दै हाँसो उडाए।

सुतीको मिलको सङ्घर्ष टुङ्गिएको पनि थिएन कपडा कारखानाहरूमा तालाबन्दीको नयाँ सिलसिला सुरु भयो। यसले गर्दा म्याक्सवेल कारखानाका मजदुरहरू प्रभावित भए। सन् १९१२ को डिसेम्बरमै तीतो विवाद सुरु भइसकेको थियो। यहाँ मालिकहरू झन् ठाडो आक्रमणमा उत्रेका थिए। अघिल्लो विवादमा जस्तै यहाँ पनि राजनीतिक हडतालमा उत्रेको भन्दै मजदुरहरूलाई निकाला गरियो। (ती मजदुरले लेनामा भएको नरसंहारको विरोधमा हडताल गरेका थिए।)

एउटा बैठक बस्यो। मजदुरहरूले ज्याला र निष्कासन दुवैलाई अस्वीकार गर्ने र त्यसको जवाफ हडतालबाट दिने निर्णय गरे। कारखानाबाट निष्कासित गरिएका मजदुरहरूलाई पुन: बहाल गर्ने मागसहित यो हडताल हुने भयो। साथमा, कार्यस्थलको अवस्था सुधार गर्नुपर्ने माग पनि राखियो। अभाव हुँदाहुँदै पनि मजदुरहरूले ठूलो उत्साहसाथ सङ्घर्ष गरे। अघि जस्तै यसपालि पनि उनीहरू सेन्ट पिटर्सबर्गका सर्वहाराहरूमाथि भर परेका थिए।

हडतालीहरूले मलाई राहत कोष सङ्कलन गर्न अनुरोध गरे। हडतालको सुरुमै मैले 'प्राभ्दा' मा सम्पूर्ण मजदुरहरूलाई सम्बोधन गर्दै एउटा अपिल प्रकाशित गरें। त्यसको जवाफ सन्तोषप्रद नै रह्यो। सबै कारखानामा चन्दा सङ्कलन भयो। साँझपख सबै चन्दा मकहाँ आइपुग्यो। मैले त्यो रकम हडतालीहरूका प्रतिनिधिलाई दिएँ। पहिलो दिन ७०० रुबल, दोस्रो दिन ५०० रुबल र एवंरितले हडताली कोष जम्मा हुँदै गयो।

मालिकको तालाबन्दी र मजदुरको हडताल महिनादिन नै चल्यो। मे २ गते कारखाना खुल्यो तर कारखाना प्रशासनले सबै मजदुरलाई बहाल गरेन। प्रशासन आफ्नो योजनामा पूरै सफल भने भएन। तालाबन्दी गर्दा सुरुमा उनीहरूले ज्याला कटौती गर्ने र कामको समय लम्ब्याउने घोषणा गरेका थिए। तर, पछि उनीहरूले पुरानै ज्याला कायम गर्नुपर्‍यो। लामो र सङ्गठित सङ्घर्ष चलाएका मजदुरहरूका लागि यो निर्णय जित नै थियो।




सन् १९१३ को वसन्त याममा धेरै कपडा उद्योगले पुन: तालाबन्दीको घोषणा गरे। बजारको अवस्था अनुकूल नहुँदासम्म मिल मालिकहरूले तालाबन्दी गरिरहे। गर्मी याममा आउँदै गरेको निज्नी नोभगोरोद मेलाका कारण कपडाको बजार सुध्रिन थाल्यो। अब मालिकहरूको लागि तालाबन्दी उति लाभदायी देखिएन। अनेक आर्थिक हडतालका कारण मजदुरको कार्यवस्था सुध्रिने भयो। उनीहरूको ज्याला अलि बढ्ने देखियो।

सन् १९१२-१३ को तालाबन्दीताक सेन्ट पिटर्सबर्गका कपडा मजदुरहरूले धेरै दु:खकष्ट व्यहोर्नुपर्‍यो। कताकति पराजय भोग्नुपरे पनि धेरै ठाउँमा मजदुरहरू विजयी भए। सर्वहाराहरूमा पिछडिएका कपडा मजदुरहरूले सङ्गठन र ऐक्यबद्धताको महत्त्व बुझे। दु:खकष्ट खेर गएन। त्यसले भविष्यका ठूला लडाइँको लागि मजदुरहरूलाई अझ तम्तयार र इस्पात बनाउने काम गर्‍यो।

## पाठ ९

### लेसनर कारखानाको हडताल

हडतालको कारण। स्त्रोड्गिनको अन्त्येष्टि। लेसनर कारखानाका मजदुरहरूको सङ्घर्ष। मजदुरहरूको ऐक्यबद्धता। तीन महिना लामो सङ्घर्ष। रेलवेले झुपडपट्टी मर्मत गरिदियो।

विश्वयुद्ध सुरु हुनुभन्दा ठीक अघिका वर्षहरूमा सेन्ट पिटर्सबर्गका मजदुरहरूले साङ्गठनिक एकता र शक्तिको अनेक प्रमाण दिए। तर, सोही अवधिमा लेसनर कारखानामा भएको सघन र पराक्रमी सङ्घर्षको स्थान विशेष छ। यो सङ्घर्ष सन् १९१३ को गर्मी यामभरि चल्यो।

लेसनर कारखानामा भएको हडताललाई राजनीतिक वा आर्थिक भनेर किताकाट गर्न सकिन्न। क्रान्तिकारी उभारको अवधिमा भएका धेरै हडतालमध्ये एउटा थियो त्यो। मजदुरहरूको एउटै माग थियो - हाम्रो एक कामरेडको मृत्युको दोषीफोरमेनलाई निकाला गर्नुपर्छ। झट्ट हेर्दा यो मुद्दा मामुली थियो। तर, यो हडताल एउटा लामो, जुझारु र खुला लडाइँको कारण बन्न पुग्यो। पुँजीपतिवर्गले मजदुरवर्गमाथि थोपरेको दुर्दशाबिच यस्तो लडाइँ हुनु स्वाभाविक थियो।

'नयाँ लेसनर' कारखानामा भएको हडताल यसरी सुरु भयो। एउटा मेसिन ज्यासलको फोरमेनले स्त्रोड्गिन नाउँका मजदुरलाई केही सय नट-बोल्ट दिएछ। मजदुरले त्यसमा धारी लगाउनुपर्ने थियो। काम गर्ने सिलसिलामा केही नट हराएछन्। काममा भुल्नाले केही नट फोहरको थुप्रोमा खसेछन् र कतिपय अर्को ज्यासलमा उछिट्टिएछन्। स्त्रोड्गिनले यो कुरा फोरमेनलाई भने। एक्कासि फोरमेन रिसले बम्किन थाल्यो। उसले मुखमा आए जतिको गालीगलौज गर्‍यो। दुई दिनभित्रै हराएका नट ल्याउन भन्यो। नत्र 'मैले तँलाई लातैलातले भकुर्नेछु र तेरो ज्याला-पुस्तिकमा 'चोर' भनी लेख्नेछु' भन्यो। स्त्रोड्गिनले नट भेटाउन सकेनन्। उनले आफू चोर होइन भनी प्रमाणित गर्न पनि सकेनन्। फोरमेनले भकुर्नेर चोर भनेर हल्ला गर्ने कुरा उनको दिमागमा घुमिरहयो। त्यो अपमानको क्षण सम्झिल्याउँदा उनी झसङ्ग भइरहे। स्त्रोड्गिनले रातमा पनि काम गर्ने अनुमति मागे। रातको बेला उनी मान्छे उति नजाने ठाउँहरूमा गए र त्यहीं सिँढीमुनि झुन्डिएर आत्महत्या गरे।



एक हप्ता लामो अवधिसम्म अविरल वर्षा भएपछि ठुलो बाढी आएपछि बस्ती नै डुबानमा परेपछि दक्षिणी भियतनामको खान्ह होआ प्रान्तको फाङ राङमा डुङ्गामा राखी स्थानीयको उद्धार कार्य हुँदै नोचेम्बर २२, २०२५ का दिन । बाढीमा परी एक दर्जनभन्दा बढी मानिस हराइरहेको बताइएको छ ।

*तस्बिर : बाओ छ्वान/एएफपी*

# जापानी प्रधानमन्त्री सानाइ ताकाईचीको गलत टिप्पणी र कार्यहरूको बारेमा चीनद्वारा गुटेरेसलाई पत्र

पेइचिङ, ६ मङ्सिर ( सीआरआई) । नोभेम्बर २१ तारिख, संयुक्त राष्ट्र सङ्घका लागि चीनका स्थायी प्रतिनिधि फु छुङले संयुक्त राष्ट्र सङ्घका महासचिव एन्टोनियो गुटेरेसलाई पत्र पठाएर जापानी प्रधानमन्त्री सानाइ ताकाईचीको चीनसम्बन्धी गलत टिप्पणी र कार्यहरूको बारेमा चीन सरकारको अडान स्पष्ट पार्नुभएको छ । यो पत्र संयुक्त राष्ट्र सङ्घीय महासभाको आधिकारिक दस्तावेजको रूपमा सबै सदस्य राष्ट्रलाई वितरण गरिनेछ ।




पत्रमा फु छुङले भन्नुभयो, जापानी प्रधानमन्त्री सानाइ ताकाईचीले संसदीय बहसको क्रममा थाइवानको बारेमा खुला रूपमा उत्तेजक टिप्पणी गरेको छ जुन सन् १९४५ जापानको पराजयपछि यो पहिलोपटक हो कि कुनै जापानी नेताले औपचारिक रूपमा तथाकथित "यदि थाइवान समस्यामा छ भने, जापान समस्यामा छ" भन्ने वकालत गरेका छन् र यसलाई सामूहिक आत्मरक्षाको अधिकारको प्रयोगसँग जोडेका छन् । पहिलोपटक जापानले थाइवान मुद्दामा सशस्त्र हस्तक्षेपको लागि आफ्नो महत्त्वाकाङ्क्षा व्यक्त गरेको छ र पहिलोपटक जापानले चीनविरुद्ध सैन्यधम्की जारी गरेको छ, जसले चीनको मुख्य हितलाई खुला रूपमा चुनौती दिएको छ । उहाँले यी टिप्पणीहरू अत्यन्तै गलत, अत्यन्तै खतरनाक छन् र अत्यन्तै नकारात्मक प्रभाव पार्छन् भन्दै चीनबाट बारम्बार गम्भीर प्रतिनिधित्व र कडा विरोधको बाबजुद पनि, जापान पश्चात्ताप गर्दैन र आफ्नो गलत टिप्पणी फिर्ता लिन अस्वीकार गर्दछ, चीनले यसप्रति आफ्नो कडा असन्तुष्टि र दृढ विरोध व्यक्त गरेको व्यक्त गर्नुभयो ।

# ममदानीसँगको भेटमा आठ शान्ति–सम्झौता गराएको ट्रम्पको दाबी

वासिङ्टन, ६ मङ्सिर ( एएनआई) । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भारत र पाकिस्तानबीचको द्वन्द्व न्यूनीकरणमा आफैंले निभाएको 'केन्द्रीय भूमिका' सम्बन्धी दीर्घकालीन दाबीलाई फेरि दोहोऱ्याउनुभएको छ ।

न्युयोर्क सहरका नवनिर्वाचित मेयर जोहरान ममदानीसँग ह्वाइट हाउसमा भएको भेटका क्रममा राष्ट्रपति ट्रम्पले यो दाबी पुन: अघि सार्नुभएको हो ।




चुनावी विजयपछि पहिलो औपचारिक अन्तरक्रियाका लागि वासिङ्टन पुग्नुभएका ममदानी र राष्ट्रपति ट्रम्पबीचको भेट ओभल अफिसमा सम्पन्न भयो । राष्ट्रपति ट्रम्पले बैठकलाई 'उत्कृष्ट' भन्दै उहाँसँग कुरा गर्न 'रमाइलो' लागेको टिप्पणी गर्नुभयो ।

संयुक्तरूपमा पत्रकारहरूसामु उभिँदा राष्ट्रपति ट्रम्पले मे महिनामा भारत-पाकिस्तानबिच उत्पन्न गतिरोधको पुन: स्मरण गर्दै दोहोऱ्याउनुभयो, "मैले भारत र पाकिस्तानसहित आठ राष्ट्रसँग आठ शान्ति सम्झौता गरेँ ।" उहाँले उक्त तनावलाई नियन्त्रणमा ल्याउन आफ्नो प्रशासनले निर्णायक भूमिका खेलेको दाबी निरन्तर गर्दै आउनुभएको छ ।

उहाँका पछिल्ला टिप्पणीहरू यसै हप्ता उहाँले बारम्बार गर्दै आएका समान अभिव्यक्तिसँग मेल खान्छन् । बुधबार राष्ट्रपति ट्रम्पले भारत र पाकिस्तान दुवैले शत्रुता अन्त्य नगरे ३५० प्रतिशतसम्म आयात शुल्क लगाइने धम्की दिएको दाबी गर्नुभएको थियो । उहाँका अनुसार, यही दबाबले दुईवटा आणविक-सशस्त्र छिमेकी राष्ट्र युद्ध-स्तरको टकरावबाट पछाडि हट्न बाध्य भए ।

ह्वाइट हाउसमा नवनिर्वाचित मेयर ममदानीको उपस्थितिले न्युयोर्क सहरको नेतृत्वमा ऐतिहासिक मोड सङ्केत गऱ्यो । उहाँ संयुक्त राज्य अमेरिकाको सबैभन्दा ठूलो नगरको नेतृत्व गर्ने पहिलो दक्षिण एसियाली मूलका तथा पहिलो मुस्लिम नेता बन्नुभएको छ । चुनावभरि अत्यधिक लोकप्रिय मानिनुभएका ममदानीले रिपब्लिकन कर्टिस स्लिवा तथा स्वतन्त्र उम्मेदवारका रूपमा प्रतिस्पर्धा गर्नुभएका पूर्वगभर्नर एन्ड्र्यु कुओमो दुवैलाई पराजित गर्नुभयो । कुओमोले अन्तिम क्षणमा राष्ट्रपति ट्रम्पको समर्थनसमेत प्राप्त गर्नुभएको थियो ।

भारतीय परम्परामा जन्म-जरा गढिएका मेयर ममदानी फिल्म निर्माता मीरा नायर र कोलम्बिया विश्वविद्यालयका प्रख्यात प्राध्यापक महमुद ममदानीका सुपुत्र हुनुहुन्छ । युगान्डाको कम्पालामा जन्मिनुभएका उहाँ सात वर्षको उमेरमा अमेरिकाको न्युयोर्कमा बसाइँ सर्नुभएको हो र सन् २०१८ मा अमेरिकाको नागरिकता प्राप्त गर्नुभएको हो ।

## विश्व सङ्क्षेप

# जी २० समूहका नेताहरूको बीसौँ शिखर सम्मेलनमा उपस्थित हुन चिनियाँ प्रधानमन्त्री ली जोहानेसबर्गमा

पेइचिङ, ६ मङ्सिर (सीआरआई) । स्थानीय समय अनुसार नोभेम्बर २० तारिख राति, दक्षिण अफ्रिकी सरकारको निमन्त्रणामा, जी २० समूहका नेताहरूको बीसौँ शिखर सम्मेलनमा सहभागी हुन चिनियाँ प्रधानमन्त्री ली छ्याङ विशेष विमानमार्फत् जोहानेसबर्ग पुग्नुभएको छ ।

दक्षिण अफ्रिकी स्वास्थ्य मन्त्री मोचो आलेडी र दक्षिण अफ्रिकाका लागि चिनियाँ राजदूत वू फङ जोहानेसबर्ग अन्तर्राष्ट्रिय विमानस्थलमा स्वागत गर्न पुग्नुभएको थियो ।

ली छ्याङ जाम्बियाको औपचारिक भ्रमण पूरा गरेर जोहानेसबर्ग पुग्नुभएको हो । लुसाका छोड्दा, जाम्बियाका उपराष्ट्रपति नालुमाङ्गो र जाम्बियाका लागि चिनियाँ राजदूत हान चिङले विमानस्थलमा बिदाइ गर्नुभएको थियो ।

# भुटानका प्रधानमन्त्री छिरिङ तोब्गे बङ्गलादेश भ्रमणमा

ढाका ६ मङ्सिर (एएनआई) । भुटानी प्रधानमन्त्री छिरिङ तोब्गे दुई दिने राजकीय भ्रमणका लागि शनिबार ढाका आइपुग्नुभएको छ ।

भुटानी प्रधानमन्त्री तोब्गेलाई हजरत शाहजलाल अन्तर्राष्ट्रिय विमानस्थल (एचएसआईए) मा अवतरण गरेपछि बङ्गलादेशका मुख्य सल्लाहकार प्रोफेसर मुहम्मद युनुसले स्वागत गरेको जनाइएको छ ।

दुई नेताहरू विच विमानस्थलको भिआइपी लाउन्जमा छोटो बैठक भएको थियो भने प्रधानमन्त्री तोब्गेले शुक्रबारको भूकम्पले गर्दा भएको क्षतिको बारेमा सोधपुछ गरी पीडित परिवारप्रति समवेदना व्यक्त गर्नुभएको थियो ।

बैठकपछि, तोब्गेलाई अस्थायी सलामी मञ्चमा १९- तोपको सलामी र गार्ड अफ अनर दिइएको जनाइएको छ ।

विमानस्थल समारोहपछि भुटानी प्रधानमन्त्री बङ्गलादेशको मुक्ति युद्धका शहीदहरूलाई श्रद्धाञ्जलि अर्पण गर्न सावरस्थित राष्ट्रिय शहीद स्मारकमा जानका लागि प्रस्थान गर्नुभएको छ । उहाँले शहिद स्मारकमा माल्यार्पण गर्ने कार्यक्रम तय भएको छ ।

बङ्गलादेशका विदेश सल्लाहकार र वाणिज्य सल्लाहकारले दिउँसो ३:०० बजे मुख्य सल्लाहकार मुहम्मद युनुससँग तेजगाँव क्षेत्रस्थित उहाँको कार्यालयमा भेटवार्ता गर्नुअघि भुटानी नेतालाई भेट्ने अपेक्षा गरिएको छ ।

# भियतनाममा बाढीका कारण मृत्यु हुनेको सङ्ख्या ५५ पुग्यो

हनोई, ६ मङ्सिर (सिन्ह्वा) । भियतनामको मध्य क्षेत्रमा भारी वर्षाका कारण आएको बाढीमा परी मृत्यु हुनेहरूको सङ्ख्या ५५ पुगेको जनाउँदै १३ जना अझै बेपत्ता रहेको भियतनाम प्रकोप र डाइक व्यवस्थापन प्राधिकरणले शनिबार रिपोर्ट गरेको छ ।

बाढीले करिब ८० हजार हेक्टर धान र अन्य बाली डुबानमा पारेको छ भने ३.२ मिलियन भन्दा बढी कुखुरा तथा गाईवस्तुहरूलाई बगाएर मृत्यु भएको जनाइएको छ ।

प्राधिकरणको प्रतिवेदनअनुसार २८ हजार ४०० भन्दा बढी घरहरू डुबानमा परेका छन् भने अन्य ९४६ घरहरू क्षतिग्रस्त भएका छन् ।

यसै गरी बाढीले लगभग नौ ट्रिलियन भियतनामी डोङ (लगभग ३५८ मिलियन अमेरिकी डलर) आर्थिक क्षति गरेको अनुमान गरिएको छ ।

# जलवायु सुशासनमा विश्वले ठोस कार्य अघि बढाउन आह्वान

पेइचिङ, ६ मङ्सिर (सीआरआई) । यो वर्ष जलवायु परिवर्तनसम्बन्धी पेरिस सम्झौताको दसौँ वर्षगाँठ हो । यो सम्बद्ध देशहरूलाई सक्रिय रुपमा दृढतापूर्वक नयाँ चरणको प्रतिवद्धता जनाउनका लागि झक्झक्याउने एउटा महत्त्वपूर्ण घडी पनि हो । विश्व जलवायु प्रशासन एउटा गम्भीर चौबाटोमा पुगेको छ जसले तत्काल र व्यवहारिक कदम चाल्नुपर्ने अवस्था सिर्जना गरेको छ ।

सीजीटीएनले सञ्चालन गरेको विश्वव्यापी सर्वेक्षणमा विश्वका ४८ देशका ३३ हजार भन्दा बढी उत्तरदाताले आपत्कालीन र दीर्घकालीन विश्व जलवायु प्रशासनका लागि चौतर्फी सहमति हुनुपर्नेमा जोड दिएका छन् । चीनले विश्वव्यापी जलवायु परिवर्तनमा पहुँच र प्राप्त गरेको उपलब्धि जगजाहेर रहेको बताउँदै उनीहरूले सबै राष्ट्रहरूले जलवायु परिवर्तनका असरको सामनाका लागि सँगै काम गर्नुपर्ने र व्यवहारिक एक्सन लिनुपर्ने पनि सर्वेक्षणमा सहभागीहरूले बताएका छन् ।

मत सर्वेक्षण अनुसार ९१ प्रतिशत उत्तरदाताले जलवायु प्रतिकूल हुने खालका गतिविधिहरू विश्वव्यापी रुपमा पटक पटक हुँदै आएको प्रतिक्रिया दिएका छन् ।

सीजीटीएनले रनमिन विश्वविद्यालयअन्तर्गत नयाँ युगमा अन्तर्राष्ट्रिय सम्पर्क इन्स्टिच्युटसँगको सहकार्यमा यो सर्वेक्षण गरेको थियो ।

# 'हाइब्रीड' ले निम्तिँदै छ सङ्कट

✍ जनार्दन घिमिरे

गुल्मी । इस्मा गाउँपालिका-६ स्थित घिमिरे कृषि तथा पशुपक्षी फर्मले गतवर्ष पाँच टन अरूण-२ जातको मकैको बीउ उत्पादन गऱ्यो । किसानले भारतीय उन्नत जातको (हाइब्रिड) बीउ रोप्न थालेपछि २५ क्वीन्टल बीउ बिकेन । बीउ बिक्री गरी मनग्गे कमाउने सोचेका फर्म सञ्चालक कृष्ण घिमिरे अब बीउ उत्पादन गर्ने कि नगर्ने भन्ने दोधारमा हुनुहुन्छ ।

घिमिरेले भन्नुभयो, "किसानलाई स्थानीय माटोमा उत्पादन भएको मकैको बीउ उपलब्ध गराउने उद्देश्यले बीउ उत्पादनमा लागेको थिएँ, तर अहिले किसानले हाइब्रिड बीउमा पल्केर स्थानीय जातको मकैको बीउमा रूचि राख्दैनन् । नबिकेको बीउ खाद्यान्नको लागि सस्तो मूल्यमा बेच्न बाध्य भएँ ।" उहाँले गाउँका रैथाने उन्नत बीउ मासिएपछि कुनै कारण आयातित बीउ रोकिए खेतबारी बाँझो रहने चिन्ता व्यक्त गर्नुभयो ।

मदाने गाउँपालिका-६ स्थित पुर्कोट उद्यम कृषि सहकारी संस्थाले मनकामना-३ र देउती मकैको बीउ उत्पादन गर्दै आएको छ । यो वर्ष सहकारीले मनकामना-३ र देउती जातको मकैको ४० क्विन्टल बीउ बिक्री गर्न सकेन । सहकारी संस्था अध्यक्ष लोकहरी कुँवर भन्नुहुन्छ, "भारतीय हाइब्रिड बीउले रैथाने जातको बीउ किसानले किन्न छाडेपछि बीउ बिक्न छाड्यो । बीउ बिक्री नहुँदा चार लाख घाटा लाग्यो ।"

विभिन्न सहकारी संस्थाको तथ्याङ्कअनुसार गुल्मीमा ६५ क्विन्टल बीउले बजार पाएन् । यहाँ अरुण-२, मनकामना-३ र देउती मकैको बीउ उत्पादन हुँदै आएको छ । धेरै उत्पादन हुने लोभमा किसानले हाइब्रिड बीउ रोप्न थालेपछि रैथाने बीउ सङ्कटमा परेको छ । केही वर्ष अघिसम्म स्थानीय जातको मकैको बीउ खोज्ने किसानको अहिले हाइब्रिड बीउमा रुचि छ । पछिल्लो समय स्थानीय तहहरूले किसानलाई रैथाने र उन्नत जातका असल बीउ खोजेर रोप्न प्रोत्साहन गरिरहेका छन् । पहिले पहिले गाउँघरमा घैटामा, धन्सारमा खरानीभित्र जोगाएर बीउ राख्ने चलन थियो । बीउ जोगाउने पहिलेको चलन अहिले हराएको छ । अहिले हाइब्रिड बीउबाट उत्पादन भएको खाद्यान्न बीउको रूपमा राख्न नसकिने किसानको भनाइ छ ।

सत्यवती गाउँपालिकाका कृषि अधिकृत उपकार भण्डारीका अनुसार गाउँपालिकाले धान, मकैको उन्नत बीउ र चार प्रकारका कोदो, फापर र जुनेलोलगायतका रैथाने बालीका बीउ नि:शुल्क वितरण गरिरहेको छ । पहाडी बाली अनुसन्धान केन्द्रबाट मूल बीउ ल्याएर किसानलाई मौसमअनुसार वितरण गर्ने गरिएको छ । रैथाने बाली कम फल्ने र ढल्ने भएका कारण किसान हाइब्रिडतिर आकर्षित भएको कृषि शाखा प्रमुख भण्डारी बताउनुहुन्छ । बालीरोग विशेषज्ञ प्रकाश मरासिनीको भनाइमा हाइब्रिड बीउ धेरै फले पनि स्वादका हिसाबले खान मीठो हुँदैन । हाइब्रिडमा नयाँ रोग आउँछन् । धानमा पोके र मकैमा ओइलाउने, कुहिने र जलवायुको जोखिम रहेको छ । उहाँले सरकारी निकायले उन्नत बीउ पर्याप्त दिन नसकेका कारण हाइब्रिड धेरै मात्रामा भित्रिएको बताउनुभयो । उहाँ सरकारी निकायबाट हाइब्रिड बीउलाई प्रोत्साहन गर्न नहुने बताउनुहुन्छ ।

व्यापारीले हाइब्रिड बीउलाई प्रोत्साहन गरिरहेका छन् तर सरकारी निकायले नियन्त्रण गर्न ध्यान दिइरहेका छैनन् । कृषि ज्ञान केन्द्रका सूचना अधिकारी टीकाराम न्यौपानेले रैथाने बाली प्रवर्द्धनअन्तर्गत धुर्कोट र इस्मामा काम गरेको र यान्त्रीकरणमा सहयोग गरेको बताउनुभयो । चैतमा रोपेको मकै साउन महिनाको अन्तिममा पाक्ने गर्छ । गुल्मीमा २२ हजार ४१८ हेक्टर क्षेत्रफलमा मकैखेती हुने गरेको छ । वर्षे मकै २० हजार ५१३ र बसन्ते एक हजार ९०५ हेक्टर क्षेत्रफलमा लगाउने गरिएको छ । जिल्लामा वर्षे मकै ७१ हजार २०५ मेट्रिकटन र बसन्ते मकै पाँच हजार ९६७ मेट्रिकटन उत्पादन हुने कृषि ज्ञान केन्द्र गुल्मीले जनाएको छ । पछिल्लो समय किसानले उन्नत जातको मकैलाई प्राथमिकता दिन थालेका छन् । गुल्मीमा सबैभन्दा बढी क्षेत्रफलमा मकै लगाउने वर्षाको समयमा हो । उन्नततर्फ अरुण-२, मनकामना-३ र देउती जातको मकै धेरै लगाइन्छ । यो जिल्लामै उत्पादन हुने मकै हो । कृषि ज्ञान केन्द्रका अधिकारीका अनुसार करिब ७० प्रतिशत किसानले हाइब्रिड जात अर्थात् सिपी र जेके मकै धेरै लगाउने गरेका छन् । किसानले धेरै उत्पादन गर्ने उद्देश्यले हाइब्रिड मकै लगाउने गरेका छन् ।

**खाद्य सङ्कटको जोखिम**

उच्च पहाडी क्षेत्रमा कृषि उत्पादन कम हुने र मौसम परिवर्तनको असर बढी पर्ने भएकाले खाद्य सुरक्षा समस्या हुने गरेको छ । मौसमको उतारचढाव, बाढी र सुख्खाजस्ता प्राकृतिक प्रकोपले खेतीको उत्पादनलाई प्रभावित पार्ने भएकाले खाद्य सङ्कट निम्त्याउने जोखिम छ । अहिलेकै अवस्थामा कृषि ज्ञान केन्द्र गुल्मीको तथ्याङ्क हेर्दा मध्य साउनसम्म कतिपय फाँटहरूमा रोपाइँ हुन सकेन । यसले गर्दा किसानको बीउ बुढो भएकाले स्वभाविक रूपमा कम धान फल्ने आँकलन कृषि ज्ञान केन्द्र गुल्मीले गरेको छ । गुल्मीका धेरै गाउँमा उच्च गरिबी र सीमित स्रोतका कारण पोषणयुक्त खानेकुराको अभाव छ । बिहान बेलुकाको छाक टार्न समस्या नभए पनि सन्तुलित रूपमा खाना खाने परिवारको सङ्ख्या कम रहेको छ । पोषणयुक्त खाना नपाएमा बालबालिका र वृद्धहरूको स्वास्थ्यमा असर पुऱ्याउने गर्दछ । कृषि उत्पादनबाट प्राप्त हुने आहारले सामान्यतया: प्रोटिन र अन्य पोषणका आवश्यक तत्त्व पुऱ्याउन नसक्ने भएकाले थप आहार व्यवस्थापन गर्न गरिब परिवारमा समस्या रहेको छ ।

गुल्मी जिल्लाका सबै गाउँमा बाह्रैमास सडक सञ्चालनको सम्भावना छैन । वर्षात्को बेला लामो समय सडक अवरुद्ध हुँदा बजारबाट गाउँसम्म खाद्य आपूर्ति ढिला पुग्ने वा महँगो हुने समस्याले खाद्य सुरक्षा सङ्कट देखिने गरेको छ । विसं २०७६ मा सत्यवती गाउँपालिका-२, ३ र ४ मा गएको भिषण पहिरोका कारण बन्द भएका सडकका कारण पहिरो प्रभावित क्षेत्रमा भण्डै खाद्य सङ्कट निम्तिएको थियो । विस्थापित ३०० परिवारलाई नेपाली सेनाको हेलिकप्टरमार्फत खाद्य व्यवस्थापनको काम गरिएको थियो ।

मालिका गाउँपालिका- १, २ र ३ जिल्लाका विकट गाउँ हुन् । वर्षात्मा गाडी नियमित सञ्चालन हुने सम्भावना छैन । यसले गर्दा प्रत्येक सामग्रीमा पाँचदेखि १५ प्रतिशतसम्म मूल्य वृद्धि गरेर व्यवसायीले सामान बिक्री गर्ने गरेको स्थानीय अगुवा रवीन्द्र विश्वकर्माले बताउनुभयो । व्यक्तिका व्यावसायिक पसलबाट बिक्री वितरण हुने खाद्य सामग्रीलाई जिल्लामा केही सहकारीले सुपथ मूल्य पसल सञ्चालन गरेर सहजीकरण पनि गर्दै आएका छन् । जिल्लामा दुई वर्षदेखि खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले खाद्यान्न बिक्री वितरणको काम गर्दै आएको छ । जिल्लामा सदरमुकाम तम्घास र बाहिर मालिका, रुरुक्षेत्र र मदानेमा कम्पनीले डिपो स्थापना गरेको छ । अहिलेसम्म रु. दुई करोडभन्दा बढीको खाद्यान्न बिक्री गरेको शाखाले जनाएको छ । तम्घासमा २०८० पुस १ गते यस कम्पनीको शाखा स्थापनासँगै तीन स्थानमा खरिदबिक्री केन्द्रसमेत सञ्चालन गरिएको थियो ।

जनतालाई सहज र सुलभ तरिकाले खाद्य सामग्रीको आपूर्ति गर्ने उद्देश्यसहित शाखाको स्थापना भएको थियो । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड शाखा कार्यालयका शाखा प्रमुख लक्ष्मी भण्डारीका अनुसार लुम्बिनी प्रादेशिक कार्यालय भैरहवाबाट एक हजार ९७६ क्विन्टल चामल ल्याइएको थियो । गुल्मीमा कृषि र पशुपालनबाट समृद्धिको आशा जाग्न थालेको छ । पहाडी जिल्लामा ठुला उद्योग कलकारखाना नभएका कारण कृषि र पर्यटन नै समृद्धिका मुख्य आधार हुन् । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र कृषि ज्ञान केन्द्रका अनुसार चालु आर्थिक वर्षमा रु. साढे चार अर्बको पशु र सवा अर्ब बराबरको कृषिजन्य उत्पादन भएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको तथ्याङ्कअनुसार आव २०८१/८२ मा मासु, दूध र अण्डा गरेर रु. चार अर्ब ५९ करोड २९ लाख चार हजारको पशुजन्य उत्पादन भएको छ । त्यसमध्ये रु. एक अर्ब ८४ करोड ३८ लाख १५ हजारको दूध मात्रै उत्पादन भएको केन्द्रका प्रमुख हुमकान्त पाण्डेयले जानकारी दिनुभयो ।

**दूध र माछा मासुको उत्पादन अवस्था**

गतवर्षको तुलनामा यो वर्ष जिल्लामा २.५१ प्रतिशत दूध उत्पादन वृद्धि भएको छ । अहिले जिल्ला बाहिर प्रत्येक दिन एक हजार ५०० लिटर दूध निर्यात हुने गरेको छ । सत्यवती, रुरु क्षेत्रका फर्महरूबाट बढी दूध बिक्री हुने गर्दछ । गुल्मीमा राँगो, खसी बोका, कुखुरा, सुङ्गुर र बुङ्गुर तथा भैंडाको रु. दुई अर्ब ५८ लाख २३ लाख चार हजार बराबरको मासु उत्पादन हुने गरेको पाण्डेयले बताउनुभयो । त्यस्तै, जिल्लामा रु. १९ करोड ४१ लाख ७५ हजारबराबरको अण्डा उत्पादन हुने गरेको उहाँले बताउनुभयो ।

त्यस्तै, जिल्लामा रु. एक अर्ब १५ करोड ७२ लाख ६० बराबरको कृषि उपज उत्पादन भएको कृषि ज्ञान केन्द्रका प्रमुख नरेश धितालले जानकारी दिनुभयो । तरकारीको लागि छत्रकोट, सत्यवती र रुरु क्षेत्र गाउँपालिका अब्बल छन् । त्यस्तै सुन्तला पनि जिल्लामा राम्रो उत्पादन देखिएको छ । जिल्लामा उत्पादन हुने रु. २७ करोड २३ लाख ४६ हजारको सुन्तलामध्ये रु. १५ करोड ९२ लाखको सुन्तला जिल्ला बाहिर निर्यात हुने गरेको छ । सुन्तलाको लागि रेसुङ्गा, धुर्कोट र छत्रकोट अब्बल छन् । कफीको जननी गुल्मीबाट अहिले दुई सय १२ मेट्रिकटन अर्थात् रु. दुई करोड एक लाख ४० हजार मूल्य बराबरको कफी उत्पादनमध्ये एक करोड ६५ लाखको जिल्ला बाहिर निर्यात भएको छ ।

सङ्घ र प्रदेश तहका नीतिसँग अनुकूल हुने गरेर स्थानीय पोषण नीति तर्जुमा गर्ने, आवश्यक स्रोतको व्यवस्थापन गर्ने, दीर्घकालीन आवधिक तथा वार्षिक कार्यक्रममा पोषणमैत्री स्थानीय शासनसम्बन्धी कार्यक्रम समावेश गर्ने, वडा तथा गाउँबस्ती पहिचान गर्ने र सोही अनुसारका क्रियाकलाप सञ्चालन गर्ने समितिको काम रहेको स्वास्थ्य कार्यालयका जनस्वास्थ्य निरीक्षक ताराबहादुर कार्कीले जानकारी दिनुभयो । उहाँका अनुसार वडास्तरीय समिति पनि हुने र त्यसले पनि वडा तहबाट कार्यपालिकामा सिफारिस गर्ने काम गर्दछ । यो अभियानअन्तर्गत जिल्लाका स्थानीय तहले पूर्ण पोषणमैत्री पालिका घोषणा गर्ने योजना अघि बढाएका छन् । ***रासस***

# आयुर्वेद अस्पतालहरू आफैं 'बिरामी' ?

✍ अरुणा उप्रेती

केही वर्षअघिको कुरा हो, गुरूपूर्णिमाको दिन कीर्तिपुरको ठुलो आयुर्वेद अस्पतालमा 'आधुनिक चिकित्सा विज्ञान र जडीबुटीको महत्त्व' बारे बोल्न आग्रह गर्दा मैले त्यहाँ 'कार्यरत वैद्यहरूलाई भनेकी थिएँ, "तपाईंहरू यस्तो ठुलो अस्पतालका विशेषज्ञ हुनुहुन्छ । तर, यो अस्पतालबारे जनस्तरमा कुनै जानकारी छैन । यहाँको सुविधाबारे जनस्तरमा कुनै जानकारी छैन । यहाँ बिरामी आउँदैनन् । यत्रो लगानीको सदुपयोग भएको छैन ।" त्यहाँका वैद्यहरूको दुखेसो थियो- "ठुलो स्वरले बोल्न नसकेको हुनाले र स्वास्थ्य भनेपछि आधुनिक औषधिको मात्र छलफल हुने भएकाले हाम्रो ज्ञानको सदुपयोग भएन ।"

नेपालको सुदूरपश्चिम कर्णालीबाट अमूल्य जडीबुटीहरू विदेशी कम्पनीले बाहिर लगेर त्यसको आयुर्वेदिक क्याप्सुल बनाएर फेरि महँगोमा नेपालमै बेच्छन् । नेपालीले प्रयोग पनि गर्छन् । तर, नेपालमै भने त्यस्ता जडीबुटीको कुनै वास्ता छैन ।

एकातिर विदेशी वैद्य नेपालमा आए उनीहरूलाई उच्च अधिकारी, नेता, कर्मचारी, मन्त्रीहरू सबैले ढोग्छन्, सम्मान गर्छन् र ठुलो स्वरले 'आयुर्वेद' त नेपालको हो । हामी यसको धेरै प्रयोग गर्छौं भनेर गफ दिन्छन् । अर्कातिर सिंहदरबारको वैद्यखाना, कीर्तिपुर र जिल्लाका आयुर्वेदिक अस्पतालहरू बेवारिसे भएकाबारे मन्त्रालयले कतै बोल्दैन । बिचरो आयुर्वेद विभाग 'बबुरो बालक' झैं कुनामा बसेर फोक्राइरहन्छ ।

सायद वर्षको एक दिन धन्वन्तरी दिवसमा मात्र त्यसको सरसफाइ हुन्छ । कुनै पनि नयाँ स्वास्थ्यमन्त्री कुर्सीमा बस्नेबित्तिकै नेपालीको 'स्वास्थ्य अवस्था सुधार्न' वीर अस्पतालको भ्रमण गर्छन् । तर, कीर्तिपुर र नरदेवी भने ती कहिल्यै जाँदैनन् । अफ कतिपय त यी अस्पतालबारे सुन्दै नसुनी बिदा हुन पनि बेर छैन । तिनीहरू समाजमा रोग लाग्नै नपाओस् भन्ने ज्ञान दिन आयुर्वेदलाई बढावा दिन्छौं, यसलाई हामी घर-घरमा पुऱ्याउँछौं पनि भन्दैनन् । आमसञ्चारमाध्यमबाट पनि जनस्वास्थ्यलाई बढावा दिन आयुर्वेदको महत्त्वबारे खासै कतै बोलिन्न, लेखिन्न ।

स्वास्थ्य मन्त्रालयका सचिव, सहसचिवसँग जनस्वास्थ्य र कुपोषणबारे कुरा गर्दा 'बालबालिकाको कुपोषण हटाउँछौं' भन्छन्, तर प्याकेटका काम नलाग्ने वस्तु बाँड्नु बाँड्छन्' र कुपोषण हट्यो भन्ने भ्रमपूर्ण कुरा छर्दै हिँड्छन् । उनीहरू कहिल्यै पनि बालबालिकामा हुने कुपोषण हटाउन 'हाम्रा परम्परागत ज्ञान र आयुर्वेद पद्धतिमा आधारित पोषिलो खाना, जस्तै- जाउलो, लिटो, हलुवा, मुगको खिचडी, उसिनेको आलु, अमला,




टुसा उमारेको चना र केराउ अनेक वनस्पति आदिबारे चुइँक्क पनि बोल्दैनन् ।

आयुर्वेद डाक्टरहरूले धन्वन्तरीको नाम लिएर चुपचाप बस्छन् । तर, आयुर्वेदको महत्त्व बुझाउन केही गर्दैनन् । यदि यो लेख्दा म गलत ठहरिएँ भने म धेरै खुसी हुनेछु । स्वास्थ्य मन्त्रालय भन्छ - गर्भवतीलाई फोलिक एसिड, क्याल्सियम र आइरन चक्की दिनुपर्छ । तर, आयुर्वेद विज्ञानमा लेखेको र आधुनिक विज्ञानले पनि सिद्ध गरिसकेको तिल, आलस, ज्वानो आदिमा क्याल्सियम र लौहतत्त्व बढी हुने भएकाले यस्ता खानेकुरा बढी खानुपर्छ भनेर तिनलाई प्रेरित गर्ने कुरामा भने जहिल्यै मन्त्रालय मौन रहन्छ । आयुर्वेदका स्त्रीरोग विशेषज्ञहरू यसबारे बोल्दैनन् । गर्भवतीलाई रगत बढाउन उनीहरूले कस्तो भोजन गरे ठीक हुन्छ भनेर आयुर्वेदिक परामर्श कतै गरिन्न ।

यी सबै कुरा सायद धन्वन्तरी वैद्यले मलिन मुख लगाएर हेर्छन् र सोच्छन् होला 'के भयो मेरो ज्ञान' भनेर । 'आयुर्वेद विभाग' नाम मात्रको छ । आयुर्वेदका लागि स्रोत जुट्दैन । स्रोत जुटाउनुपर्छ भन्नेहरू पनि चुप लाग्छन् । यस्तो किन हुन्छ भने अहिलेको स्वास्थ्य मन्त्रालयले जनस्वास्थ्य भनेको आधुनिक औषधि र आधुनिक चिकित्सा विज्ञान मात्र हो । नेपालमा जनस्वास्थ्य सुधार्न आधुनिक अस्पताल, औषधि, डाक्टर र नर्स भए पुग्छ भन्ने गरिन्छ । तर, जनस्वास्थ्यका लागि रोग लाग्न नदिन आयुर्वेदको ज्ञान प्रयोग गर्न सकिन्छ भनेर कोही बोल्दैनन् ।

आयुर्वेदमा काम गर्नेले आफ्नो ज्ञानको वकालत आफैँले नगरेपछि अरूले के गर्लान् ? नेताहरू मुटु, पेट, टाउको या अरू कुनै अङ्ग दुखेर विदेश र काठमाडौंका महँगा अस्पताल धाउँछन् । तिनीहरूले त्यहाँ गएर उपचार गरिदिएपछि महँगा अस्पतालहरूको विज्ञापन सित्तैंमा हुन्छ । तर, राज्यको लगानी भएको आयुर्वेद अस्पतालमा भने उनीहरू भुक्किएर पनि पुग्दैनन् ।

आधुनिक औषधि र आयुर्वेदले एकै ठाउँमा मिलेर काम गर्न सक्छन् । दुवै एक-अर्काका विरोधी होइनन्, परिपूरक हुन् भन्ने हाम्रा नेताहरूले बुझेपछि मात्र ओझेलमा परेको आयुर्वेदको महत्त्व बढ्नेछ ।

तर, हाम्रा दीर्घरोग लाग्ने नेताहरू जसको पुट्ठ भुँडी बढेको छ, मधुमेह छ, तनावले गर्दा समस्या भएको छ, तिनले आयुर्वेदिक विज्ञानको सहाराले मैले मोटोपन घटाएँ, मेरो स्वास्थ्य राम्रो पारें, मलाई सघाउ पुग्यो भनेर कहिल्यै बोल्दैनन् । किनभने, नेताले आयुर्वेदिक उपचारको प्रयोग र त्यसमाथि विश्वास नै गर्दैनन् । रामदेव र बालकृष्ण नेपाल आएको बेला ठुला भाषण छाँट्छन् - आयुर्वेद विज्ञान महान् छ । हामीले यसबाट देशकै समग्र स्वास्थ्यमा सुधार गरेर आर्थिक अवस्था सुधार्न सक्छौं । सायद यो सुनेर धन्वन्तरी बिचरा कति रुँदा हुन्, कति मलिन हुँदा हुन् ।

आयुर्वेदिक वैद्यहरूले आफ्नो कामको पनि जनस्वास्थ्यमा ठुलो महत्त्व छ भनेर आवाज उठाएको देखिन्न । वैद्यखाना आफैं बिरामी छ । त्यसैगरी, जिल्ला वैद्य खाना पनि प्राय: 'ज्वरो' ले थलिएको हुन्छ । त्यस्तो बेलामा समुदायका मान्छेले वैद्यखाना गएर के पाउँछन् ?

त्यसैगरी, जिल्ला जनस्वास्थ्य कार्यालयमा केवल आधुनिक औषधिबारे छलफल हुन्छ, आयुर्वेदिक औषधिबारे बोल्ने फुर्सद कसैलाई हुँदैन । योग र वनस्पति आयुर्वेदका महत्त्वपूर्ण अङ्ग हुन्, तर न सिंहदरबार वैद्यखाना, न त जिल्ला वैद्यखानाले नै यसबारे कुनै चेतना दिन्छ । जिल्लाका आयुर्वेदिक अस्पताल बालबालिका र कुकुर खेल्ने ठाउँ बनेका छन् । यहाँसम्म कि पहिले नाम चलेको नरदेवीको आयुर्वेदिक अस्पताल पनि गम्भीर 'बिरामी' बनेको छ । त्यहाँका आयुर्वेदिक डाक्टरले भनेका थिए- 'सबै ठाउँबाट औषधि गराएर निराश भएपछि बिरामीहरू हामीकहाँ आउँछन् र हामी तिनलाई ठीक पारेर पठाउँछौं । तर, तिनै बिरामीहरू पछि बोल्दैनन् ।' आयुर्वेदिक डाक्टरले यस्ता बिरामीलाई पछि कस्तो भयो, पूर्ण ठीक भए या भएनन् भनेर सायद अनुसन्धान गर्दैनन् । सायद 'धन्वन्तरी' पृथ्वीमा आए उनले अनुसन्धान गर्थे कि !

# सर्वसुलभ उपभोक्ता सहकारी संस्थाको वार्षिक साधारणसभा सम्पन्न




भक्तपुर, ६ मङ्सिर । सर्वसुलभ उपभोक्ता सहकारी संस्था लि. कमलविनायक -१० को ११ औं वार्षिक साधारणसभा शनिबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं बागमती प्रदेशसभाका सभासद् सुरेन्द्रराज गोसाईले शासक दलहरू आफू सरकारमा नबसी निर्वाचन भएमा निर्वाचनमा पराजय हुने मानसिकता भएको उल्लेख गर्दै अहिले नेपालमा राजनीतिलाई अपराधीकरण र अपराधलाई राजनीतीकरण गर्दै अगाडि बढेको बताउनुभयो ।

उहाँले उपभोक्ता सहकारी समाज अहिलेको माग हो, स्वास्थ्यवर्धक, उपभोक्ता हित, सुलभ रूपमा सामग्री उपलब्ध गर्ने र भरपर्दो सेवा प्रदान गर्न सके समाजकै हित हुन्छ भन्नुभयो ।

उहाँले संस्थाले दिने सेवा चुस्तदुरुस्त हुनुपर्ने, छिटोछरितो, सस्तो र गुणस्तरीय हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

आफू मात्र सबल, सक्षम र प्रगति हुने होइन नयाँ पुस्तालाई सँगै लिएर जानुपर्छ उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिका वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौंमिखाले सरकारले गर्नुपर्ने उपभोक्ता पसलबाट दिइने सेवासुविधा यस संस्थाले प्रदान गरेकोमा खुसी व्यक्त गर्नुभयो ।

भक्तपुर नगरपालिकाले पनि विशेषगरी सरसफाइ, शिक्षा, स्वास्थ्यलाई विशेष प्राथमिकता दिई कार्यक्रम अगाडि बढाइरहेको बताउनुभयो ।

भनपा वडा नं. ८ का वडाध्यक्ष कृष्णप्रसाद कोजुले सहकारीको राम्रो पक्षसँगसँगै नराम्रो पक्ष पनि छायासरह आउने विचार व्यक्त गर्दै सहकारीका पदाधिकारीहरूमा नेतृत्वको सक्षमता, नि:स्वार्थी भावना, सहकार्यको भावना हुनुपर्छ भन्नुभयो ।

मुटुरोग विशेषज्ञ डा. कृष्णकुमार कुशवाहाकले स्थानीय उत्पादनलाई सर्वसुलभ सहकारी संस्थाले सर्वसुलभ रूपमा वितरण र उपलब्ध गराउँदै आएकोमा खुसी व्यक्त गर्दै समाजमा स्वास्थ्यलाई विशेष ध्यान दिँदै मिसावटयुक्त खाद्य सामग्री बिक्री वितरणलाई निरुत्साहित गर्ने र स्वास्थ्यवर्धक खाद्य सामग्री वितरण गर्नुपर्ने कुरामा जोड दिनुभभयो ।

संस्थाका सल्लाहकार कृष्णभक्त लवजुले संस्था स्थापना गर्न सजिलो तर निरन्तरता र दिगो राख्न गाऱ्हो हुने कुरा उल्लेख गर्दै संस्था दिगो राख्न सञ्चालकहरूका साथै सबै सदस्यहरूले आफ्नो तर्फबाट योगदान गर्नुपर्ने कुरा बताउनुभयो ।

अर्का सल्लाहकार कृष्णगोविन्द लाखाजुले सहकारी संस्थाहरू खोल्न सकिनेमध्ये उपभोक्ता सहकारी पनि एक हो; सर्वसुलभ उपभोक्ता सहकारी संस्था समाजमा व्याप्त कालोबजारी, मूल्यवृद्धिजस्ता कुरालाई निरुत्साहित गर्न सुरुवात गरेको हो भन्नुभयो ।

संस्थाका सल्लाहकार राजेन्द्र दुमरुले समूह र सहकारीबिच भिन्नता रहेको उल्लेख गर्दै समूहले निश्चित सदस्यहरूको उद्देश्य पूर्ति गर्ने र नाफा खोज्ने र सहकारीले आम सदस्यको विकासमा जोड दिने बताउनुभयो ।

कार्यक्रममा संस्थाका सचिव गणेशराम मुस्याख्वले प्रगति प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो भने कोषाध्यक्ष नारायणमान वनमालाले आर्थिक वर्षको आयव्यय विवरण र आगामी वर्षको योजना प्रस्तुत गर्नुभएको थियो । लेखा सुपरिवेक्षण समितिका संयोजक मिजरत्न शाक्यले लेखा सुपरिवेक्षण समितिको प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा संस्थाका उपाध्यक्ष बद्रीप्रसाद माकले स्वागत गर्नुभएको थियो । कार्यक्रम संस्थाका अध्यक्ष लक्ष्मीप्रसाद लाखाको सभापतित्वमा भएको थियो । कार्यक्रमबाट सभामा प्रस्तुत विभिन्न प्रतिवेदनहरू सर्वसम्मतबाट पास गरिएको थियो ।

कार्यक्रममा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, यस संस्थाबाट विभिन्न खाद्यवस्तु खरिदकर्तालाई संरक्षण पुँजी फिर्ता कोषको आधारमा १० जना सदस्यहरूलाई सम्मान स्वरुप ०.५ प्रतिशत नगद रकम फिर्ता, संस्थाका उत्कृष्ट कर्मचारी रोजिना ह्योङ्गजूलाई नगदसहित सम्मान गरिएको थियो ।

# कृत्रिम बुद्धिमत्तासम्बन्धी अन्तरक्रियात्मक प्रवचन कार्यक्रम सम्पन्न




भक्तपुर, ६ मङ्सिर । जेन्युइन स्कूलको ३० औं वार्षिकोत्सवको अवसरमा शिक्षा र शिक्षा क्षेत्रसँग सम्बन्धित बुद्धिजीवी, अभिभावक, विद्यार्थी र शिक्षकहरूको सहभागितामा कृत्रिम बुद्धिमत्तासम्बन्धी कार्यक्रम शनिबार सम्पन्न भयो ।

'कृत्रिम बुद्धिमत्ता र शिक्षामा यसको प्रभाव' विषयक कार्यक्रममा एआईविज्ञ डा.दोभान राईले एआई र यसको शिक्षामा सम्बन्धका बारेमा आफ्नो प्रस्तुति राख्दै कृत्रिम बुद्धिमत्ताको प्रयोगकर्ताले सही र गलतबिचको दूरी आफ्नो ज्ञान क्षमताका आधारमा उपयोग गर्न सकिने तर पूर्णरूपमा एआईलाई विश्वास गर्न नहुने बताउनुभयो ।

उहाँले भन्नुभयो, "जति सूचना तथा तथ्य जानकारी दिइएको छ त्यसैअनुसार क्रिया हुने भएकोले अपुष्ट सूचना र अपूर्ण जानकारीहरू प्राप्त हुने धेरै खतराहरू हुन्छन् । एआईको असरभन्दा यसको प्रयोगका लागि सीमा तोकिएमा अवसरको साधन बन्न सक्छ ।"

विद्यालयस्तरका साना कक्षाहरूमा यसको प्रयोग गर्न आवश्यक नरहेको, उमेर र सङ्गत पनि नहुनाले यसमा हामी सबै सजग हुनु जरूरी छ, उहाँले भन्नुभयो ।

उच्च शिक्षा क्षेत्रमा विविध सूचना सङ्कलन र सोध खोजका लागि सन्दर्भ सामग्री र सहयोगी वातावरण तयार गर्न यसको प्रयोग गर्नसकिने धारणा उहाँले व्यक्त गर्नुभयो ।

उक्त अन्तरक्रियात्मक ख्वप इन्जिनियरिङ कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँले सहजीकरण गर्दै विश्वका धेरै राष्ट्रहरूले एआईमा गरेको लगानी र योजनाबाट नेपालले पनि सिक्नु जरूरी छ भन्नुभयो ।

अक्कल नहुनेले नक्कल गर्दा उत्पन्न हुने प्रसङ्गहरू जोड्दै उहाँले राष्ट्रिय स्तरबाट नै यससम्बन्धी ऐन र नियमन हुनु आवश्यक छ भन्नुभयो ।

उपस्थित शिक्षक, अभिभावकहरूले आजका बालबालिकाहरूमा एआईको प्रयोग, यसले दिने सूचना र व्यावहारिक बुझाइ र भविष्यमा आउन सक्ने चुनौतीका बारेमा आफ्ना जिज्ञासाहरू राख्नुभएको थियो ।

कार्यक्रममा विद्यालयका निमित्त प्रिन्सिपल राजन धौभडेलले कार्यक्रमका सहभागीहरूलाई स्वागत गर्दै अन्य प्रविधि जस्तै एआईको पनि फाइदा र बेफाइदा हुने बताउनुभयो ।
कार्यक्रममा विद्यालयका संस्थापक सदस्य विश्वबहादुर दुवालले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# नेमकिपा देश र जनताको पक्षमा सङ्घर्षरत

जुम्ला, ६ मङ्सिर । जुम्लामा 'नेमकिपासँग जनताको भेटघाट' अभियान चालु छ । शनिबार पनि तिला गाउँपालिकाको वडा नं. ८ स्थित पुरू गाउँमा जनतासँग भेटघाट कार्यक्रम भयो ।

उक्त कार्यक्रममा नेमकिपाका केन्द्रीय सदस्य डिल्लीप्रसाद काफ्लेले स्थापनाकालदेखि नेमकिपा देश र जनताको पक्षमा सङ्घर्षरत रहेको विचार व्यक्त गर्नुभयो ।

नेमकिपाले भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवादको विरोध गरिरहेको उल्लेख गर्दै कुनै पनि स्वाधीन र सार्वभौम देशमा हुने विदेशी हस्तक्षेप स्वीकार्य नहुने स्पष्ट पार्नुभयो ।

देश र जनताप्रति समर्पित भएर नेमकिपाले सिद्धान्त र विचारको आधारमा राजनीति गरिरहेको स्पष्ट पार्दै अबको निर्वाचनमा नि:स्वार्थी र इमानदारीपूर्वक राजनीति गर्ने दल र दलका उम्मेदवारलाई निर्वाचित गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा नेमकिपा जिल्ला समितिका अध्यक्ष पूर्णलाल खत्री, जिल्ला सचिव नरबहादुर बुढा, कोषाध्यक्ष पूर्णबहादुर राउत, जिल्ला सदस्य मानबहादुर बोहरा, हर्षबहादुर बोहरा, नेक्राकिसङ्घका कालीबहादुर बुढाले जनताको समस्या र पार्टी गतिविधिबारे प्रकाश पार्नुभयो ।

सो अवसरमा जनताको तर्फबाट मानबहादुर बस्नेत, कृष्णबहादुर राउत, असोजे सार्कीलगायतले सिद्धान्त र विचारको राजनीति नगर्ने, सिद्धान्त एक र क्रियाकलाप अर्को गर्ने दलदेखि सावधान हुनुपर्ने, नोट बाँड्ने र नोट लिएर भोट दिने कार्यको पनि विरोध गर्नुभयो ।

# थपिए आठ लाख ३७ हजार नयाँ मतदाता

काठमाडौँ, ६ मङ्सिर: प्रतिनिधिसभा सदस्यको निर्वाचन घोषणापछि आठ लाख ३७ हजार ९४ नयाँ मतदाता थपिएका छन् ।

निर्वाचन आयोगले सञ्चालन गरेको मतदाता नामावली दर्ता तथा अद्यावधिकका लागि थप गरेको समय गत मध्यरातिदेखि सकिएपछि नाम दर्ता गर्ने नयाँ मतदाताको विवरण सार्वजनिक भएको हो । फोटो तथा औँठाछापसहितको जैविक विवरण (बायोमेट्रिक्स) मार्फत तीन लाख ४४ लाख नौ सय १४ र राष्ट्रिय परिचयपत्रमार्फत चार लाख ९२ हजार एक सय ८० नयाँ मतदाता थपिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा मतदाता नामावलीमा नाम दर्ता गराउन मिल्ने गराएपछि अनलाइनबाट नाम दर्ता गराउनेको सङ्ख्या थप बढेको हो ।

प्रधानमन्त्री सुशीला कार्कीले पनि नयाँ मतदाताको सङ्ख्या समावेश गर्दै मतदाता नामावली सङ्कलन सकिएको सामाजिक सञ्जालमा उल्लेख गर्नुभएको छ । गत कार्तिक १६ गतेसम्म १८ वर्ष उमेर पूरा भएका मतदाताको सङ्ख्या एक करोड ८१ लाख ६८ हजार २३ रहेको थियो ।

यसअघि गत कात्तिक ३० गतेसम्मका लागि नामावली दर्ताको समय दिइएकामा नयाँ मतदाताको दर्ताको चाप र सरोकार भएका पक्षको आग्रहका आधारमा आयोगले यही मङ्सिर ५ गतेसम्मका लागि समय थपिएको थियो । रासस

*"जनताको...*

आन्दोलनमा गङ्गालाल श्रेष्ठ, धर्मभक्त माथेमालगायत सहिद र २०४६ सालको जनआन्दोलनमा राजकुमार श्रेष्ठ, कृष्णराम दुवाल, हरिकृष्ण भुजुलगायत युवाहरू सहिद हुनुभयो । परिवर्तनको नेतृत्व सिद्धान्त र विचारले गर्ने हो । नेपालमा सामन्तवादविरोधी आन्दोलनपछि अहिले पुँजीवादी सरकारहरू बने । उत्पादनका मुख्य मुख्य साधन र सेवा सामाजिकीकरण हुने समाजवादी विचारले पुँजीवादी सरकारलाई उल्टाउनु अग्रगमन हो । नेपालमा नेका र एमाले तथा माओवादीले समाजवादको नारा दिई पुँजीवादी सरकार बनाए । नेपालीलाई देशभित्र रोजगारी दिनु पर्दछ, वैदेशिक रोजगारी पठाउनु उचित होइन ।"

सार्वजनिक सम्पत्तिमा आगजनीभन्दा पनि भ्रष्टाचारीहरूको सम्पत्ति राष्ट्रियकरण हुने र ठुला भ्रष्टाचारी एवम् महिला बलात्कारपछि हत्यालगायत मानव अधिकारको गम्भीर उल्लङ्घन गर्नेहरूलाई मृत्युदण्ड समेतको सजाय हुने सरकारको अध्यादेशमा उल्लेख हुनु जरूरी भएको उहाँले बताउनुभयो ।

सचिव सुवालले भन्नुभयो, "निर्वाचनमा पैसा, सामान बाँड्ने र भोज खुवाउनेहरूको उम्मेदवारी खारेज हुने कानुनी व्यवस्थासमेतको अध्यादेश सरकारबाट जारी हुनुपर्दछ । सरकारमा गएर घोषणापत्रअनुसार काम नगरेका प्रतिनिधिहरूलाई फिर्ता बोलाउने र चुनावमा समेत उठ्न नदिने व्यवस्था पनि अध्यादेशमा हुनु आवश्यक छ । फ्रान्समा जनताविरूद्ध अत्याचार गरेका नेपोलियन परिवारलाई चुनावमा उठ्न नदिने व्यवस्था गरिएको थियो ।"

न्यायाधीश, संवैधानिक आयोगका पदाधिकारी र उच्च अधिकारीहरू सम्बन्धित क्षेत्रबाट निर्वाचन गर्ने कानुनी व्यवस्थाले सुशासन कायममा मद्दत पुऱ्याउनेछ । सन् १९१२ मा रूसमा बोल्सेभिकहरूले यो व्यवस्थाको लागि आवाज उठाएका थिए, उहाँले थप्नुभयो ।

सचिव सुवालले भन्नुभयो, "तत्कालीन प्रधानमन्त्री केपी ओलीले गएको भदौ २६ गते हेटौँडाको सुपारीटारस्थित सैनिक व्यारेकमा राष्ट्रपति रामचन्द्र पौडेल र प्रधानसेनापतिसँगको छलफलमा नयाँ प्रधानमन्त्री नियुक्तिको सम्मति र सिफारिस गरेको हुँदा अहिले संसद् पुन:स्थापनाको विषय उठाएको सान्दर्भिक देखिएन । नेकाभित्र पनि संसद् पुन:स्थापनाको विषय उठेको सार्वजनिक भयो । तत्काललाई ताजा जनादेशको लागि निर्वाचन नै उपयुक्त निकास हो ।"

नेमकिपाका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले संविधान र कानुनको परिधिभित्र रहेर जनतासामु गरेको प्रतिबद्धताअनुसार भनपाले काम गरिरहेको बताउनुभयो ।

आर्थिकरूपमा कमजोर भएका विद्यार्थीलाई शैक्षिक ऋण दिएर उच्च शिक्षा हासिल गर्ने अवसर भनपाले प्रदान गरिरहेको उल्लेख गर्दै रोजगारीको निम्ति युवाहरूलाई विभिन्न रोजगारमूलक तालिम सञ्चालन गरिरहेको बताउनुभयो ।

किसानहरूको हितको निम्ति प्रतिकिलो रू. १० को हिसाबले प्राङ्गारिक मल वितरण गरिरहेको उल्लेख गर्दै उहाँले स्थानीय जनताको श्रमदान, आर्थिक सहयोग र स्थानीय स्रोत साधनको अधिक प्रयोग गरी यहाँका असङ्ख्य सम्पदाहरूको पुन:निर्माण, जीर्णोद्धार र मर्मत सम्भार गरिरहेको बताउनुभयो ।

नयाँ नयाँ कलेज स्थापना गरी ख्वप विश्वविद्यालय सञ्चालन गर्न लागिपरेको उल्लेख गर्दै उहाँले जनताको स्वास्थ्योपचार गर्न ३६५ दिन नै ख्वप अस्पताल सञ्चालन भइरहेको जानकारी दिनुभयो । उहाँले ख्वप अस्पतालमा अक्सिजन र रगत नि:शुल्क प्रदान गरिरहेको स्पष्ट पार्नुभयो ।

वाग्मती प्रदेश सांसद सुरेन्द्रराज गोसाईंले हालको सरकारको कार्यशैलीप्रति व्यङ्ग्य गर्दै र जीवन दर्शन दिने तथा जनताको भोक मेटाउने असल कार्यकर्ताको आवश्यकता बोध गराउँदै दुईटा कविता वाचन गर्नुभयो ।

सर्जन डा. सरोज धितालले असल शासकले जनताको असन्तोष थुपारेर होइन समयमै सम्बोधन गर्नुपर्ने आवश्यकता औंल्याउँदै माग सम्बोधन नहुँदा विस्फोट हुने र विस्फोटले देशकै सम्पत्ति क्षति हुने बताउनुभयो ।

व्यक्तिगत स्वार्थ छोडेर जनताको सेवा गर्ने देशभक्त नेताको आवश्यकता भएको स्पष्ट पार्दै उहाँले सरकारले सिङ्गो देशको निम्ति काम गर्नुपर्ने बताउनुभयो ।

नेपालभाषा साहित्य त:मुंज्याका अध्यक्ष आशाकुमार चिकंबजारको सभापतित्वमा भएको उक्त कार्यक्रममा कवयित्री सुलोचना मानन्धरले 'मेरो कविता' शीर्षकको कविता वाचन गर्नुभएको थियो भने गायिका सरस्वती मानन्धरले गीत गाउनुभयो ।

४५ औं नेपालभाषा साहित्य त:मुंज्याका आयोजक समितिका अध्यक्ष रवीन्द्र खर्बुजाले स्वागत मन्तव्य राख्नुभएको थियो ।

नेपाल संवत् ११४६ को अवसरमा आयोजित भिन्तुना ऱ्यालीमा सहभागी टोली, मूल्याङ्कन समितिका सदस्य तथा नृत्य, नाटक र ख्याल विधामा प्रस्तुत उत्कृष्ट टोलीलाई पदक तथा मायाको चिनो प्रदान गरिएको थियो ।

कार्यक्रममा वागीश्वरी मावि, प्रभात इङ्गलिस स्कूल, हिमालयन ग्लोरी इङ्गलिस स्कूल, आदर्श आजाद मावि, बासु मावि, गणेश मावि भार्वाचो, बाल विकास इङ्गलिस स्कूलका विद्यार्थी टोलीले नृत्य र लोकेश्वर साकोसको बाजा टोलीले बाँसुरीका धुन प्रस्तुत गरेका थिए ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा